# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ३२४ | काठमाडौं | बिहीबार, ०७ चैत २०८१ | Prabhab National Daily | Thursday, March 20, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**उपभोक्ता हकको रक्षा गरौं**

- प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुन्छ,
- गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगे कानून बमोजिम क्षतिपूर्ति पाउनेब्यवस्था छ।

त्यसैले

- उपभोक्ता हकको बारेमा सचेत बनौं,
- उपभोक्ता हकहित रक्षाको लागि एकजुट होऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# 'लोडसेडिङ'को त्रास फैलाउँदै ऊर्जामन्त्री

## उज्यालो जारी राख्न दिनरात खट्दै कुलमान



अहिले साँझमा घरमै पनि लोडसेडिङ हुने अवस्था छ । एउटा निजी क्षेत्र र भारतले गर्दा केही लोडसेडिङ केही हटेजस्तो अनुभूति भएको छ ।

■ **दीपक खड्का**, ऊर्जामन्त्री



जनताको घरमा कुनै पनि हालतमा लोडसेडिङ हुँदैन । बिजुलीको व्यवस्थापन प्राधिकरणले गर्ने हो, मन्त्रीले हैन ।

■ **कुलमान घिसिङ**
प्रबन्ध निर्देशक, नेपाल विद्युत् प्राधिकरण

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङलाई हटाउन लागिपरेका ऊर्जामन्त्री दीपक खड्काले सदनमार्फत लोडसेडिङको त्रास फैलाएका छन् । बुधबार राष्ट्रिय सभाका सांसदहरूले उठाएको प्रश्नको जवाफ दिँदै ऊर्जामन्त्री खड्काले छिट्टै लोडसेडिङ हुने घोषणा गर्दै जनतामा त्रास फैलाएका हुन् ।

भारत र निजी क्षेत्रका कारण लोडसेडिङ हट्दा जनताले घिसिङलाई उज्यालोको नायकको उपाधि दिएको भन्दै उनले असन्तुष्टि पोखे । मन्त्री खड्काले भने, 'अहिले साँझमा घरमै पनि लोडसेडिङ हुने अवस्था छ । निजी क्षेत्र र भारतले गर्दा लोडसेडिङ केही हटेजस्तो अनुभूति भएको हो । उहाँ (कुलमान) उज्यालोको नायक होइन ।'

दैनिक १८ घण्टासम्म लोडसेडिङ भोगेका जनता भने ऊर्जामन्त्रीको भनाइप्रति सहमत छैनन् । उनले विद्युत् भारतबाट आयात भइरहेकोले भारतलाई नै धन्यवाद दिनुपर्ने कुरा यसअघि पनि बताउँदै आएका थिए । त्यही कुरा बुधबार राष्ट्रिय सभामा दोहोऱ्याएका हुन् । 'हामीसँग ३५ सय मेगावाट बिजुली छ । सरकारको १०० प्रतिशत लगानी छ । २८ सय मेगावट निजीले गरेको छ । ७०० प्राधिकरणको लगानी छ । ८३० मेगावट विद्युत् भारतबाट आयत भइरहेको छ,' ऊर्जामन्त्री खड्काले भने, 'बरु यो धन्यवाद निजी क्षेत्रलाई दिउँ । भारतलाई दिउँ ।'

प्राधिकरणका प्रबन्ध निर्देशक घिसिङले भने अहिले मन्त्रीले भनेजस्तो अवस्था नरहेको दाबी गरे । जनताको घरमा लोडसेडिङ नहुनेमा ढुक्क रहन उनले आग्रह गरे । 'हामीले व्यवस्थापन गरिरहेका छौं । जनताको घरमा कुनै पनि हालतमा लोडसेडिङ हुँदैन । निर्धक्क भए हुन्छ । बिजुलीको व्यवस्थापन प्राधिकरणले गर्ने हो, मन्त्रीले हैन,' घिसिङले भने ।

आफू प्राधिकरणमा रहेसम्म जनताले लोडसेडिङ भोग्न नपर्ने घिसिङको भनाइ छ । यद्यपि, पैसा नतिर्ने उद्योगमा अब आवश्यकताअनुसार लाइन काट्ने उनले चेतावनी दिए । 'पैसा नतिर्ने उद्योगमा आवश्यकताअनुसार बिजुली कटौती गरिन्छ,' उनले भने ।

### घिसिङलाई अप्ठेरोमा पार्दै मन्त्री

प्राधिकरणका प्रबन्ध निर्देशक घिसिङको कुशल व्यवस्थापनकै कारण हालसम्म लोडसेडिङको कुनै अनुभूति भएको छैन । तर, सरकार भने जसरी पनि लोडसेडिङ गराएर घिसिङलाई अप्ठेरोमा पार्ने प्रपञ्चमा लागेको देखिन्छ । यसैले पनि कुलमान विद्युत् व्यवस्थापनका लागि दिनरात दौडादौडमा लागेका छन् ।

यसको मूल कारण हो भारतले सोलार आवरमामात्र बिजुली दिने । बिहान ६ बजेदेखि साँझ ६ बजेसम्ममात्र बिजुली दिने भएपछि लोडसेडिङ हुने अवस्था देखिन्छ । भारतले यसअघि बेलुका ६ बजेदेखि १० बजेसम्ममात्र विद्युत् रोक्थ्यो । यसबेला प्राधिकरणले औद्योगिक क्षेत्रमा चार घण्टा लोडसेडिङ गर्थ्यो । पिक आवरमा विद्युत् चाहिने भएपछि भारतसँग एक महिनाअघि १.५ प्रतिशत भाउ बढाउने सहमति भएको थियो । यही विषयमा सरकारले घिसिङसँग स्पष्टीकरणसमेत सोधेको थियो ।

⏭ क्रमशः पृष्ठ २ मा

# एसइई परीक्षा आजदेखि, पाँच लाख १४ हजार परीक्षार्थी

- बिहान ८ बजेदेखि ११ बजेसम्म परीक्षा
- देशभर दुई हजार ७९ वटा परीक्षा केन्द्र
- पाँच लाख १४ हजार ७१ विद्यार्थी सहभागी
- काठमाडौंमा सबैभन्दा बढी ३९ हजार ६०० जना र सबैभन्दा कम मनाङमा ४३ जना
- प्रदेशगत आधारमा बागमतीमा सबैभन्दा धेरै, कर्णालीमा कम
- जापानबाट २९ जना परीक्षामा सहभागी हुँदै
- ३० हजार सुरक्षाकर्मीसहित ७७ हजार ८०० कर्मचारी खटिँदै
- चार जना एचआइभी संक्रमित, कैदीबन्दीदेखि यौनिक तथा अल्पसंख्यक पनि परीक्षार्थी




■ **जेबी योञ्जन**

**काठमाडौं–** यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) आजदेखि सुरु हुँदै छ । बिहान ८ बजेदेखि ११ बजेसम्म परीक्षा हुने राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयले जानकारी दिएको छ ।

परीक्षा नियन्त्रण कार्यालय, कक्षा-१० का परीक्षा नियन्त्रक नन्दलाल पौडेलले पाँच लाख १४ हजार ७१ जना परीक्षार्थी रहेको बताए । उनका अनुसार झण्डै ७५ हजारले पुनः परीक्षा दिने छन् । अघिल्लो परीक्षामा ३५ प्रतिशतभन्दा कम प्राप्तांक ल्याएका विद्यार्थी पुनः परीक्षामा सहभागी हुन लागेका हुन् ।

आज पहिलो दिन अनिवार्य अंग्रेजी विषयको परीक्षा हुने भएको छ । आजै संस्कृत वेदविद्याश्रमतर्फ अनिवार्य संस्कृत र मदरसातर्फ अनिवार्य अरबी भाषाको परीक्षा हुने छ । भोलि (८ चैत) अनिवार्य नेपाली विषय, गैरनेपाली विद्यार्थीहरूका लागि अंग्रेजी (इलेक्टिभ) को परीक्षा हुने छ । चैत १० गते अनिवार्य गणित र चैत १२ गते अनिवार्य विज्ञान तथा प्रविधि एवं संस्कृततर्फ शुक्लयजुर्वेद, सामवेद, अथर्ववेद, नीतिशास्त्रलगायत विषयको परीक्षा हुने छ । चैत १३ गते अनिवार्य सामाजिक, १४ गते ऐच्छिक प्रथम, १५ गते ऐच्छिक द्वितीयको परीक्षा सञ्चालन हुने छ ।

देशभर दुई हजार ७९ वटा परीक्षा केन्द्र तोकिएका छन् । परीक्षा नियन्त्रक पौडेलका अनुसार १५० जनासम्म परीक्षार्थी भएको केन्द्रमा एक जना सहायक केन्द्राध्यक्ष हुने छन् । साथै, २० जना विद्यार्थी बराबर एक जना निरीक्षक खटिने छन् । परीक्षामा ७५ जनाभन्दा कम परीक्षार्थी भएको केन्द्रमा सहायक केन्द्राध्यक्ष नराखिने परीक्षा नियन्त्रक पौडेलले बताए । परीक्षामा समन्वयका लागि ७७ हजार ८०० कर्मचारी खटिएका छन्, जसमा ३० हजार सुरक्षाकर्मी छन् ।

यसपटकको एसइईमा बाल सुधार केन्द्र र कारागार गरी तीनवटा विद्यालयबाहिरका केन्द्र पनि निर्धारण गरेको छ । काठमाडौंमा केन्द्रीय कारागार सुन्धारा र दैलेखका दुई कारागार तथा भक्तपुरको बाल सुधार गृहबाट विद्यार्थीलाई परीक्षा दिने व्यवस्था गरिएको छ । कीर्तिपुरस्थित सफलता एचआइभी शिक्षा सदनबाट पनि विद्यार्थी सहभागी हुने भएका छन् । त्यहाँबाट चार जना एचआइभी संक्रमित विद्यार्थीले एसइई परीक्षा दिने भएका हुन् ।

सबैभन्दा बढी परीक्षार्थी काठमाडौंबाट ३९ हजार ६०० जना रहेका छन् । सबैभन्दा कम परीक्षार्थी मनाङमा ४३ जना छन् । जापानबाट पनि एसइई परीक्षामा २९ जना परीक्षार्थी सहभागी हुने भएका छन् । उनीहरूले एभरेस्ट इन्टनेरसनल स्कुलमा एसइई परीक्षा लेख्ने भएका छन् । त्यहाँ स्थानीय समयअनुसार ११ बजेबाट परीक्षा सञ्चालन हुने जनाइएको छ । परीक्षा सम्पन्न भएपछि त्यहाँका उत्तर पुस्तिकाहरू लाहाछाप लगाएर नेपालमै ल्याइने र यहाँबाटै सम्परीक्षण गरेर नतिजा प्रकाशित गर्ने परीक्षा नियन्त्रण कार्यालयले जनाएको छ ।

परीक्षामा यौनिक तथा अल्पसंख्यक समुदायका ३० जना परीक्षार्थी पनि सहभागी हुने भएका छन् । लेटर ग्रेडिङ प्रणालीमै यस वर्ष पनि परीक्षाको नतिजा सार्वजनिक गर्ने तयारी गरिएको छ । चैत १९ सम्म सञ्चालन हुने परीक्षाको नतिजामा उत्तीर्ण दर ७० प्रतिशत पुऱ्याउने लक्ष्य परीक्षा नियन्त्रण कार्यालयको छ । एसइईको नतिजा आगामी असार ७ गतेभित्र प्रकाशन गरिने परीक्षा नियन्त्रण कार्यालयको भनाइ छ । परीक्षा भएको ९० दिनभित्र नतिजा सार्वजनिक गर्ने तयारी रहेको परीक्षा नियन्त्रक पौडेलले जानकारी दिए ।

⏭ क्रमशः पृष्ठ २ मा

### कुन प्रदेशमा कति परीक्षार्थी ?

यसपालिको एसइई परीक्षामा सात प्रदेशमध्ये बागमती प्रदेशबाट सबैभन्दा बढी विद्यार्थी सहभागी हुँदै छन् । यसैगरी सबैभन्दा कम विद्यार्थी कर्णाली प्रदेशमा छन् ।

बागमतीमा एक लाख आठ हजार २६५ जना परीक्षार्थी रहेका परीक्षा नियन्त्रक नन्दलाल पौडेलले जानकारी दिए । बागमतीपछि लुम्बिनीमा ९४ हजार ९०८ जना परीक्षार्थी रहेका छन् ।

यसैगरी कोशीबाट ८० हजार ९३४ विद्यार्थीले परीक्षा दिँदै छन् । सुदूरपश्चिमबाट ५८ हजार ९४३ जना, गण्डकीबाट ४५ हजार ७९६ जना र कर्णाली प्रदेशबाट ३७ हजार ९११ परीक्षार्थी सहभागी हुने परीक्षा नियन्त्रक नन्दलाल पौडेलले बताए ।

**सन्दर्भः वैदेशिक रोजगार**

## मलेसियामा न्यूनतम पारिश्रमिक नपाएको गुनासो

# उजुरी गर्दा नेपाल फर्कनुपर्ने त्रासमा श्रमिक

- ⏭ दूतावासले थाल्यो अनलाइनमार्फत गुनासो लिएर समाधानको पहल
- ⏭ आरएम १७०० नपाएका श्रमिकलाई गुनासो दर्ता गर्न आग्रह
- ⏭ कारबाहीको डरले गुनासो फाराम भर्ने/नभर्ने दोधारमा श्रमिक

EMBASSY OF NEPAL KUALA LUMPUR



■ **ममता थापा**

**काठमाडौं–** मलेसियामा कार्यरत नेपालीहरूले तोकिएको तलब सुविधा नपाएको गुनासो बढेपछि क्वालालम्पुरस्थित नेपाली राजदूतावासले अनलाइनमार्फत गुनासो संकलन गरी समाधानको पहल थालेको छ । दूतावासले आफ्नो फेसबुक पेजमार्फत न्यूनतम एक हजार ७०० मलेसियन रिंगिट पारिश्रमिक नपाएका श्रमिकलाई अनलाइन फाराममार्फत आफ्नो समस्या राख्न अपिल गरेको छ ।

'तलब आरएम १७०० नपाएको गुनासो कृपया तल दिएको लिंकमा गएर फाराम भरी जानकारी पठाउनुहोस् । यो फाराम भर्नेहरू सबैको नाम गोप्य राखिनेसमेत जानकारी गराइन्छ,' दूतावासले भनेको छ । दूतावासले गुगल फाराममार्फत श्रमिकको नाम थर, राहदानी नम्बर, सम्पर्क नम्बर, कम्पनीको नाम, डाइरेक्टर/एचआरको नाम र सम्पर्क नम्बर तथा समस्याको संक्षिप्त विवरण माग गरेको छ । यसरी आउने गुनासोको तत्काल सम्बोधन गर्ने दूतावासको भनाइ छ । पछिल्लो समय मलेसियामा सुरक्षा गार्डमा कार्यरत श्रमिकहरूले न्यूनतम तलव नपाएको भन्दै गुनासो गर्दै आएका छन् । यो विषय संसद्मासमेत उठिसकेको छ ।

### गुनासो फाराम भर्दा कारबाहीको त्रासमा श्रमिक

नेपाली दूतावासले अनलाइनमार्फत गुनासो लिएर सम्बोधन गर्ने पहल थालेको बेला पीडित श्रमिकहरूले भने गुनासो गर्दा उल्टै कारबाही बेहोर्नुपर्ने समस्या राखेका छन् । दूतावासको उक्त फाराम भर्ने कि नभर्ने भन्ने दोधारमा श्रमिकहरू देखिएका छन् । यदि कम्पनीले थाहा पाए कि त कुटाइ खाइने या नेपाल पठाइदिने गरेको उनीहरूको प्रतिक्रिया छ । उनीहरूले दूतावासको फेसबुक पेजमा कमेन्ट लेख्दै गुनासो/उजुरी गर्ने केही नेपाली कामदारलाई नेपाल फर्काइएकोसमेत उल्लेख गरेका छन् । दूतावासले उजुरीकर्ताको विवरण गोप्य राखिने जनाए पनि अधिकांशले त्यसमा आशंका र भय व्यक्त गरेका छन् ।

दूतावसको उक्त पोस्टमा कमेन्ट गर्ने अधिकांशले सेक्युरिटी कम्पनीले तोकिएको एक हजार ७०० मलेसियन रिंगिट नदिएको उल्लेख गरेका छन् । सल्यानका लालसिंह क्षेत्रीले आफूले तोकिएको तलब नपाएको र उजुरी गर्दा कम्पनीलाई थाहा हुन्छ कि हुँदैन भनेर सोधेका छन् । शुक्र राईले पनि अधिकांश सेक्युरिटी कम्पनीले तोकिएको पारिश्रमिक नदिएकाले सुरक्षा गार्ड पठाउन नै बन्द गर्नुपर्ने धारणा राखेका छन् । त्यसैगरी, राजन बस्नेतले पनि कमेन्ट गर्दै सेक्युरिटीमा महिनाको ३० दिन र दैनिक १२ घण्टा काम लगाइने गरेको समस्या राखेका छन् ।

दूतावासको पोस्टमा श्रमिकहरूले दिएको प्रतिक्रियालाई आधार मन्दा पनि मलेसियाको सुरक्षा गार्ड सेवामा पारिश्रमिक र सेवासुविधा नदिइएको देखिन्छ । साथसाथै, श्रमिकको वाक स्वतन्त्रतालाई कुण्ठित पारिएको अनुमान लगाउन सकिन्छ । दूतावासले उजुरीकर्ताको नाम सार्वजनिक गरिदिएकाले आफ्नो कम्पनीका चार जनालाई नेपाल पठाउन लागिएको आवाज मगरले लेखेका छन् । कम्पनीले एक हजार ७०० रिंगिट दिएको तर पानी, बत्ती, स्वास्थ्य परीक्षण, बिमाजस्ता शीर्षकमा तलब काट्ने गरेको केही श्रमिकले उल्लेख गरेका छन् ।

⏭ क्रमशः पृष्ठ २ मा


**नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनसहितको साधारणसभा सम्बन्धी सूचना**

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको मिति २०८१ फागुन २० गते बसेको कार्यसमितिको बैठकले संघको ३०औं र ३१औं वार्षिक साधारणसभा मिति २०८१ चैत्र २९ गते बोलाउने र यस सभाबाट आगामी कार्यकालका लागि कार्यसमितिको निर्वाचन गर्ने निर्णय गरी कार्यसमितिको निर्वाचन गर्न निर्वाचन समिति गठन गरेको व्यहोरा संघका सम्पूर्ण सदस्य व्यवसायीज्यूहरूलाई यसै सूचना मार्फत जानकारी गराउँदै साधारणसभामा उपस्थितिका लागि अनुरोध गरिन्छ ।

**साधारणसभामा निर्णयार्थ पेश गरिने विषयहरू (एजेण्डाहरू) :**

१. कार्यसमितिको तर्फबाट प्रस्तुत गर्ने प्रगति विवरण र संघद्वारा भएका कार्यहरु उल्लेख गरिएको प्रतिवेदन पारित गर्ने ।
२. आ.व. २०७९/०८० र २०८०/०८१ को आयव्ययको विवरणसहितको वासलातउपर छलफल गरी पारित गर्ने ।
३. आ.व. २०८१/०८२ को आयव्ययको लेखापरीक्षक नियुक्त गरी निजलाई दिने पारिश्रमिक तोक्ने ।
४. आगामी कार्यकालका लागि संघ कार्यसमितिको निर्वाचन गर्ने ।
५. विविध (विधान संसोधन) विषयअन्तर्गत विधानको दफा १७, दफा १९(४) (१), दफा २० को उपदफा ४ लगायत अन्य दफा, उपदफा संसोधन गर्ने ।

**समय** : बिहानको ९:०० बजे
**स्थान** : अनुपम फुडल्याण्ड, बत्तीसपुतली

**साधारण सभासम्बन्धी थप जानकारी :**

कम्पनी सञ्चालक समितिबाट निर्णय गराइ साधारणसभामा भाग लिनका लागि एक कम्पनीले १ जना प्रतिनिधि पठाउनुपर्ने भएकाले संघमा बाँकी रहेको **मासिक शुल्क (लेबी) भुक्तान गरी संघमा कम्पनीको लेटरहेडमा लिखित निवेदन, शेयर लागतको प्रतिलिपि, नागरिकता वा राहदानीको प्रतिलिपि र पासपोर्ट साइजको २ प्रति फोटो मिति २०८१ चैत १५ गते अन्तिम समयसीमा रहेको हुँदा कार्यालय समय**भित्र प्रतिनिधि पठाइ जानकारी गराउनुहुन हार्दिक अनुरोध छ ।

***नोट**: निर्वाचन समितिको कार्यालय संघमा नै राखिएको जानकारी गराइन्छ ।*

**मेघनाथ भुर्तेल** — महासचिव
एवं
**डिकबहादुर खत्री** — का. वा. अध्यक्ष

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
सिफल -७, काठमाडौं, फोन नं. ०१-४५२०२६९/४५२४४१८

पृष्ठ १ बाट क्रमशः

## एसइई परीक्षा...

### मधेस सरकारबाट बहिष्कार

मधेस प्रदेश सरकारले एसइई परीक्षा प्रक्रियालाई बहिष्कार गरेको छ । मुख्यमन्त्री सतिशकुमार सिंहले परीक्षा बहिष्कार गरेको मंगलबार नै घोषणा गरिसकेका छन् । मधेश प्रदेशका आठ जिल्लामा ३१२ परीक्षा केन्द्र र सोही संख्यामा केन्द्राध्यक्ष तोकिएको छ । प्रदेशबाट ८८ हजार ८५८ परीक्षार्थी एसइई परीक्षामा सामेल हुँदै छन् ।

एसइईलाई मर्यादित बनाउने पक्षमा आफू लागेको मुख्यमन्त्री सिंहको दाबी छ । उनले केही दिनअघि परीक्षा समन्वय समितिको संयोजक तथा प्रमुख जिल्ला अधिकारी र सुरक्षा अधिकारीहरूको भेला डाकेका थिए । त्यहाँ उनले यस वर्ष गोलाप्रथाबाट केन्द्राध्यक्ष तोक्न निर्देशन दिए ।

परीक्षा केन्द्रमा मोबाइल पूर्णतः निषेध गर्ने, फेला परे जफत गरी नष्ट गर्ने निर्देशन पनि दिएका थिए । साथै, परीक्षा मर्यादित गर्ने केन्द्राध्यक्षलाई पुरस्कृत गर्ने र अमर्यादित बनाउने केन्द्राध्यक्षलाई दण्डित गर्ने घोषणा पनि गरे । सम्बन्धित विद्यालयकै प्रधानाध्यापकलाई केन्द्राध्यक्ष तोक्ने विगतको परिपाटीले आर्थिक चलखेल र परीक्षा अमर्यादित हुने मुख्यमन्त्रीको भनाइ थियो । तर, भेलामा उपस्थित प्रमुख जिल्ला अधिकारीहरूले राष्ट्रिय परीक्षा बोर्डको निर्देशिकाको प्रावधानलाई नै टेकेर केन्द्राध्यक्ष नियुक्त गरेपछि मुख्यमन्त्री असन्तुष्ट बनेका हुन् ।

परीक्षा केन्द्र तोकिएको विद्यालयकै प्रधानाध्यापकलाई केन्द्राध्यक्ष नियुक्त गर्ने बोर्डको निर्देशिकामा उल्लेख छ । यसपछि मधेस सरकार एसइई परीक्षा प्रक्रियाबाटै अलग भएको मुख्यमन्त्री सिंहले घोषणा गरे ।

■■■

## उजुरी गर्दा...

### मलेसियासँगै युएईमा पनि समस्या, सम्बनि(धत म्यानपावर जिम्मेवार बन्नुपर्नेमा सांसद अर्यालको जोड

मलेसिया र युएईमा श्रमिकहरू समस्यामा परेको विषयमा सोमबार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद डोलप्रसाद अर्यालले प्रतिनिधिसभाबाट सरकारको ध्यानाकर्षण गराएका थिए । पूर्वश्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रीसमेत रहेका सांसद अर्यालले ती मुलुकमा सेक्युरिटी कम्पनीमा कार्यरत श्रमिकहरूले सम्झौताअनुसार पारिश्रमिक, बिदा र औषधि उपचार नपाएको जनाएका थिए । विदेशमा पसिना बगाएर रेमिटचान्स पठाउने श्रमिकको पीडा सरकारले बुझ्न नसकेको उनको आरोप थियो । दैनिक आफ्नो सचिवालयमा ठगिएको, समस्या परेको र दूतावासमा समस्या राख्दा बेवास्ता गर्ने गरेको गुनासो आउने गरेको उनले उल्लेख गरेका थिए । समस्यामा परेको गुनासो गर्दा व्यवसायीले श्रमिकलाई उल्टै थर्काउने गरेको गुनासो आएकोसमेत अर्यालले बताएका थिए ।

वैदेशिक रोजगार व्यवसायीहरूले भने सांसद अर्यालको उक्त आरोपप्रति आपत्ति जनाएका थिए । उनीहरूले आफू श्रममन्त्री हुँदा त्यस्तो पाइए किन कारबाही गर्न नसकेको भन्दै सांसद एवं पूर्वश्रममन्त्री अर्यालमाथि प्रश्न उठाएका थिए । अर्यालले आफू मन्त्री हुँदा पनि काम गरेको र अहिले पनि निरन्तर काम गरिरहेको बताए ।

'मन्त्री आफैंले म्यानपावरमा, विदेशको कम्पनीमा गएर काम गर्ने होइन । यसो गर भनेर निर्देशन दिने हो । कम्पनीसँग त म्यानपावरको सम्बन्ध हुन्छ नि,' उनले प्रभावसँगको कुराकानीमा भने । आफूले पठाएको श्रमिक समस्या परेपछि समन्वय गर्नु म्यानपावर कम्पनीको जिम्मेवारी भएको उनले बताए ।

'सबै म्यानपावर गलत छन् भन्न खोजेको होइन, तर गलत गर्नेहरू सच्चिने कि प्रश्न गरेर बस्ने ?,' अर्याल भन्छन्, 'हामीसँग आएको समस्याको प्रकृति हेरेर सम्बन्धित देशको दूतावास, वैदेशिक रोजगार बोर्ड, वैदेशिक रोजगार विभागलगायतमा सम्पर्क गराइदिने गरेका छौं ।'

मलेसियासँगको द्विपक्षीय सम्झौता सकिएको अवस्थामा नवीकरणका लागि करिब तीन महिनाअघि पत्र पठाएको भए पनि मलेसिया सरकारबाट कुनै जवाफ नआएको श्रम मन्त्रालयले जनाएको छ । नेपालीहरूको प्रमुख श्रम गन्तव्य बनेको मलेसियामा पछिल्लो समय भने न्यून संख्यामा मात्रै कामदार गइरहेका छन् । मलेसियाले आप्रवासी श्रमिक भर्ती रोकेपछि नेपालीहरू धेरै संख्यामा जाने क्रममा 'ब्रेक' लागेको हो ।

■■■

## "लोडसेडिङ"को...

घिसिङ भने ट्रंकलाइन र डेडिकेटेड लाइन जोडेर त्यसको शुल्क नतिर्ने उद्योगीलाई बत्ती नदिएर जनतालाई लाइन दिने पक्षमा छन् । शुल्क नतिर्ने सर्वसाधारणका विद्युत् केही दिनमै काटिने र तर उद्योगीको लाइन भने निरन्तरता दिने विषयमा सरकारले पक्षपात गरेको उनको भनाइ छ । यसअघि शुल्क नतिर्ने उद्योगीको विद्युत् लाइन काट्दा प्रधानमन्त्री केपी शर्मा ओलीसमेत घिसिङविरुद्ध लागेका थिए ।

ऊर्जामन्त्री खड्काले बुधबार पनि घिसिङले प्राधिकरणलाई घाटामा लगेको आरोप लगाए । 'यहाँको आम्दानी नाफाजनक छ । यति अर्ब आम्दानी छ भनेर दाबी गरिरहेको कुरा छ । यहाँ डिडिए गरौं न । बाहिर मान्छेको बुझाइ अर्कै छ । महालेखा भन्छ- साढे दुई अर्ब रूपैयाँ घाटा छ । बाहिर विद्वानहरू अर्कै भन्छन् । यो प्रस्ट छ । जनतालाई प्रस्ट भनौं न,' मन्त्री खड्काले दाबी गरे ।

यसैगरी उनले स्पष्टीकरण सोधेको विषयमा राष्ट्रिय सभाका सदस्यहरूले आरोपप्रत्यारोप गर्न नहुने तर्क गरे । 'बोर्डको कुरा मन्त्रालयलाई थाहै छैन । मन्त्रालयअन्तर्गतको बोर्डको कुरा सबै थाहा हुनुपर्छ भनेर सोधेको मात्र हो । यथार्थ कुरा भन्दाभन्दै पनि खोजी छानबिन गर्न माननीयहरू नै आरोपप्रत्यारोपमा लाग्दा जनताले के बुझ्ने होला भनेर चिन्तामात्र लागेको,' खड्काले भने ।

सांसद शारदादेवी भट्टले विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक घिसिङका सम्बन्धमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्रीले राष्ट्रिय सभामा जानकारी गराउनुपर्ने माग गरेकी थिइन् । 'एक जना कर्मचारीको कारणले मुलुकमा लोडसेडिङको अन्त्यको चमत्कार भयो भन्दै गर्दा लोडसेडिङ अन्त्य गर्न कुन सरकारले के भूमिका निर्वाह गरेको छ भन्ने विषय आमनागरिकले जानकारी पाउनुपर्छ,' भट्टले भनेकी थिइन् । भट्ट एमाले सांसद हुन् । उनले ओली सरकारकै पालामा भारतबाट बिजुली आएसँगै लोडसेडिङ अन्त्य भएको विषयलाई नजरअन्दाज गर्न नमिल्ने भन्दै ऊर्जामन्त्रीको जवाफ मागेकी थिइन् ।

# सशस्त्र प्रहरी बलसम्बन्धी विधेयक स्वीकृत

**काठमाडौं (प्रस)–** प्रतिनिधिसभाको बुधबारको बैठकले 'सशस्त्र प्रहरी बल, नेपाल विधेयक, २०८१ लाई दफाबार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस्' भन्ने प्रस्तावलाई सर्वसम्मतिले स्वीकृत गरेको छ ।

बैठकमा गृहमन्त्री रमेश लेखकले 'सशस्त्र प्रहरी बल, नेपाल विधेयक, २०८१ लाई दफाबार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस्' भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए ।

सभामुख देवराज घिमिरेले उक्त विधेयक दफाबार छलफलका लागि सम्बन्धित समिति पठाउन सर्वसम्मति स्वीकृत भएको घोषणा गरे । बैठकमा प्रतिनिधिसभाका सचिव हर्कराज राईले राष्ट्रिय सभामा उत्पत्ति भएको 'तिलगंगा नेत्र विश्वविद्यालय विधेयक, २०८१' का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देशसहितको विधेयक टेबुल गरे ।

# रामनवमीमा सार्वजनिक बिदा

**काठमाडौं (प्रस)–** सरकारले रामनवमीका दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ । यही चैत ४ गतेको मन्त्रिपरिषद्को बैठकले उक्त निर्णय गरेको हो ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले बुत्रबार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा उक्त जानकारी दिएका हुन् । बैठकले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको कार्यकारी प्रमुखमा बैतडीका दिनेशप्रसाद भट्टलाई नियुक्त गर्ने निर्णय गरेको सरकार प्रवक्ता गुरुङले बताए ।

अर्घाखाँचीका यदुनाथ पौडेललाई जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको प्रबन्ध सञ्चालकमा नियुक्त गर्न जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको सञ्चालक समितिलाई निर्देशन दिने तथा सुर्खेतकी पवित्रा सुवेदी र मकवानपुरका रामशरण सापकोटालाई शिक्षक सेवा आयोगको सदस्यमा नियुक्ति गर्ने निर्णय भएको उनले जानकारी दिए ।


## युएइमा रोजगार

कम्पनी : AL SIRAAJ ALDHAHABIU BUILDING MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८१/१२/०६ LT. No. 320694 चलानी नं. ६०२३४८०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 5 | 0 | 1200 | ४५,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Carpenter | 5 | 0 | 1200 | ४५,१४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १४ गते (27th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

BIS श्रम ईजाजत नं. ३०७/०५९/६०

BHAIRAB INTERNATIONAL SERVICE PVT. LTD.

Sinamangal-9, Kathmandu, Nepal. Tel: + 977-1-4110906

Email: service.bhairabintl@gmail.com


# कुमाख गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

रागेचौर, सल्यालन

कर्णाली प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति: २०८१/१२/०७ गते)

यस कार्यालयको आ. व. २०८१/०८२ को लागि मिति २०८१/१०/२३ गतेको www.bolpatra.gov.np/egp मा प्रथम पटक प्रकाशित बोलपत्र सूचना बमोजिम विद्युतीय (E–bidding) मार्फत पेश हुन आएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएको तपसिल बमोजिमको बोलपत्र स्वीकृतीको लागि छनौट भई आशयपत्र दिने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र . स. | ठेक्का नं. | कामको विवरण | छनौट भएका बोलपत्र दाताको नाम र ठेगाना | स्वीकृत बोलपत्रको रकम (भ्याट र पि. एस. बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | KRM-NCB-W-07-2081/082 | Nainthala Khanepani Aayojana | Swarnim Swastika Construction and Suppliers Company Pvt.Ltd | 52,86,118.50 | |

प्रमुख प्रशासकिय अधिकृत

# Urlabari Municipality

## Office of Municipal Executive

Urlabari, Morang

Koshi Province, Nepal

## Invitation of Electronic Bids

Date of Publication: 2081/12/07(20th March 2025)

1. The Urlabari Municipality office,invites electronic bids from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedure:

Details of Works

| S.No. | Contract Id No. | Name of Project work | Cost Estimate (NRs) with VAT | Bid security Amount (NRs.) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | URL-Blacktop road -Ward 4,5&6-W-NCB-30-081/82 | Construction of Blacktop Road of Siddhakali Marga of ward 4, Aadarsa Marga to School dada Marga of Ward 4, Bihani Marga of Ward 5 and Gauri Marga of Ward 6 | 1,27,41,465.00 | 2,82,000.00/- | 3000.00 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Urlabari Municipality, Urlabari, Morang or PPMO'S Website: www.bolpatra,gov,np/egp. And Bidders shall have the option of submitting their bids electronically also.
3. For details bidders are advised to visit website: www.bolpatra.gov.np/egp.

## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८१ साल चैत महिना ७ गते बिहीबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

**१) शाखा कार्यालय : कोहलपुर शाखा** — **कर्जा शीर्षक : ब्यापारिक आवधिक कर्जा**

**ऋणीको विवरण**

नाम : **निरुता कस्मेटिक पसल** प्रोप्राइटरको नाम : जय बहादुर खत्री प्रा.फा.र.नं. : २५९९३-०७३/०७४
दर्ता जारी गर्ने कार्यालय : वाणिज्य कार्यालय बाँके, नेपालगंज दर्ता मिति : २०७३/०६/२८
रजिष्टर्ड ठेगाना : बाँके जिल्ला नौबस्ता वडा नं. ८ स्थायी लेखा नं. : ६०५२००९६४

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) पराने खत्रीको नाति हस्ते खत्रीको छोरा जाजरकोट जिल्ला जुगांथापाचौर वडा नं. ७ हाल, बाँके जिल्ला बैजनाथ गा.पा. वडा नं. ४ बस्ने **जय बहादुर खत्री** (ना.प्र.नं. : २२३५ जारी मिति र जिल्ला : २०६२/०३/२६, जाजरकोट)

२) मान बहादुर कठायतको छोरी हस्ते खत्रीको बुहारी जय बहादुर खत्रीको पत्नी जाजरकोट जिल्ला जुगांथापाचौर वडा नं. ७ हाल, बाँके जिल्ला बैजनाथ गा.पा. वडा नं. ४ बस्ने **लालसरा खत्री** (ना.प्र.नं. : ६२३००८/२२९ जारी मिति र जिल्ला : २०६३/११/०३, जाजरकोट)

**२) शाखा कार्यालय : विराटनगर शाखा** — **कर्जा शीर्षक : घरघडेरी कर्जा**

**ऋणीको विवरण**

गुलाई माझी थारुको छोरी बन्तलाल माझी थारुको बुहारी आशा राम माझीको पत्नी मोरङ्ग जिल्ला लखन्तरी वडा नं. ४ हाल, ग्रामथान गा.पा. वडा नं. ३ बस्ने **फूल कुमारी देवी थरुनी** (ना.प्र.नं. : ९१३ जारी मिति र जिल्ला : २०४३/०५/१३, मोरङ्ग)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) लेदम माझीको नाति बन्तलाल माझी थारुको छोरा मोरङ्ग जिल्ला सिध्राहा गा.वि.स. वडा नं. ३ हाल, ग्रामथान गा.पा. वडा नं. ३ बस्ने **आशाराम माझी थारु** (ना.प्र.नं. : ८३१ जारी मिति र जिल्ला : २०४३/०५/०८, मोरङ्ग)

२) कोन्लु चौधरीको नाति भरतलाल चौधरीको छोरा मोरङ्ग जिल्ला तेतरिया वडा नं. ६ हाल, ग्रमथान गा.पा. वडा नं. ५ बस्ने **सुकलाल चौधरी** (ना.प्र.नं. : ३९५१० जारी मिति र जिल्ला : २०५५./०९/२९, मोरङ्ग)

**३) शाखा कार्यालय : जिरो कि.मि.शाखा** — **कर्जा शीर्षक : कृषि सहुलियत आवधिक कर्जा**

**ऋणीको विवरण**

नाम : **पि.सेभेन एग्रो फार्म प्रा.लि.** अख्तियार प्राप्त व्यक्तिको नाम : देवी कुमारी ठकुरी
दर्ता नं. : २६९१३५/०७८/०७९
दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय दर्ता मिति : २०७८/०५/०८
रजिष्टर्ड ठेगाना : तनहुँ जिल्ला शुक्लागण्डकी न.पा. वडा नं. ११ स्थायी लेखा नं. : ६१००६७६७९

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) नर बहादुर शाहीको छोरी हर्क बहादुर ठकुरीको बुहारी झलक बहादुर ठकुरीको पत्नी कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३० हाल, पोखरा म.न.पा. वडा नं. २ बस्ने **देवी कुमारी ठकुरी** (ना.प्र.नं. : १२१-२१९४-काठमाडौं, जारी मिति र जिल्ला : २०५४/०५/०४, कास्की)

२) हर्क बहादुर ठकुरीको नाति झलक बहादुर ठकुरीको छोरा कास्की जिल्ला लेखनाथ वडा नं. १२ हाल, पोखरा म.न.पा. वडा नं. २ बस्ने **देनिस बहादुर ठकुरी** (ना.प्र.नं. : ४६१००२/६४७८, जारी मिति र जिल्ला : २०६८/०६/३०, कास्की)

३) नुमान सिं गुरुङको छोरी झलक बहादुर ठकुरीको बुहारी देनिस बहादुर ठकुरीको पत्नी कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ३० हाल, वडा नं. २ बस्ने **टिना ठकुरी** (ना.प्र.नं. : ४६-०२-७६-०२४३१, जारी मिति र जिल्ला : २०७६/११/०७, कास्की)

**४) शाखा कार्यालय : बेनिघाट शाखा** — **कर्जा शीर्षक : घरघडेरी कर्जा**

**ऋणीको विवरण**

काले प्रजाको नाति मंगले प्रजाको छोरा धादिङ्ग जिल्ला जोगीमारा वडा नं. २ हाल, बेनिघाट रोराङ गा.पा. वडा नं. १० बस्ने **विष्णुकुमार चेपाङ** (ना.प्र.नं. : ४८/६६ जारी मिति र जिल्ला : २०६२/०९/०३, धादिङ्ग)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) सन्तु प्रजाको छोरी मंगले प्रजाको बुहारी विष्णुकुमार चेपाङको पत्नी धादिङ्ग जिल्ला जोगीमारा वडा नं. २ हाल, धादिङ्ग जिल्ला बेनिघाट रोराङ गा.पा. वडा नं. १० बस्ने **मिरामाया चेपाङ** (ना.प्र.नं. : २६१/२३६०१ जारी मिति र जिल्ला : २०६५/०९/१७, धादिङ्ग)

२) च्याङग्रे चेपाङको नाति कृष्ण वहादुर चेपाङको छोरा धादिङ्ग जिल्ला जोगीमारा वडा नं. १ हाल, धादिङ्ग जिल्ला बेनिघाट रोराङ गा.पा. वडा नं. १० बस्ने **सोम व. चेपाङ** (ना.प्र.नं. : २६३०३५/३२८ जारी मिति र जिल्ला : २०६३/१०/२९, धादिङ्ग)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

# निकुञ्ज क्षेत्रमा पूर्वाधार निर्माणका लागि कानुन संशोधन गरिने

**काठमाडौं (प्रस)–** सरकारले राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रमा पूर्वाधार निर्माणसम्बन्धी सर्वोच्च अदालतले गरेको फैसलालाई समयानुकूल कानुन संशोधन गरी अगाडि बढ्ने जनाएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुधबार बसेको सरोकारवालाको बैठकले वातावरण र विकासलाई सँगसँगै बढाउन बाधक कानुनलाई समयानुकूल संशोधन गर्दै अगाडि बढ्ने निर्णय गरेको हो ।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसिया, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का, वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही, मुख्यसचिव एकनारायण अर्याल र सम्बन्धित मन्त्रालयका सचिवसहितको संयुक्त बैठकले उक्त निर्णय गरेको हो ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री खड्काले सर्वोच्च अदालतको फैसलाले सरकारले राखेको ऊर्जा विकासको लक्ष्यलाई बाधा पुग्ने बताए । उनले राष्ट्रिय आवश्यकतालाई हेरेर कानुन संशोधन गर्नुपर्नेमा जोड दिए । उक्त फैसलाले हाल निर्माण भइरहेको आयोजनाको प्रसारण लाइनमासमेत असर पर्ने मन्त्री खड्काले बताए ।

बैठकमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री चौरसियाले लगानीकर्ताको लगानी डुब्ने गरी सर्वोच्च अदालतले फैसला गरेकाले मुलुकलाई फाइदा नपुग्ने बताए । सर्वोच्च अदालतले गरेको निर्णयप्रति अदालतका न्यायाधीशसँग बसेर छलफल गर्न सकिने उनको भनाइ थियो । कानुनमन्त्री चौरसियाले ऊर्जा, पर्यटन र सिँचाइ क्षेत्र मुलुकको आर्थिक विकासका लागि महत्त्वपूर्ण क्षेत्र भएकाले यसलाई अवरोध गर्ने कानुन भए परिमार्जन गरेर अगाडि बढ्न सकिने उल्लेख गरे । राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्रको बारेमा थप कानुन बनाउने तथा पुनरावलोकनमा जानेबारे प्रधानमन्त्री कार्यालय र कानुन मन्त्रालय बसेर अगाडि बढ्न सकिने उनको भनाइ थियो ।

वन तथा वातावरणमन्त्री शाहीले सर्वोच्च अदालतको कारण वन क्षेत्र अप्ठ्यारोमा परेको बताए । वन क्षेत्रको समस्या समाधानका लागि मन्त्रालयले निरन्तर काम गरिरहेको मन्त्री शाहीको भनाइ थियो । मुख्यसचिव अर्यालले सरकारले ऊर्जा विकास मार्गचित्रमार्फत १० वर्षमा २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्ने र १५ हजार मेगावाट छिमेकी मुलुकमा निर्यात गर्ने भनिरहेको अवस्थामा अदालतका यस्ता निर्णयले विकास निर्माणमा ठूलो असर पर्ने बताए ।



अनुमति पाएका आयोजना सर्वोच्चको फैसलाका कारण रोकिँदा हालसम्मको लगानी जोखिममा परेको मुख्यसचिव अर्यालको भनाइ थियो । छलफलमा राष्ट्रिय निकुञ्ज ऐन, वन ऐन, वातावरण संरक्षण ऐनलगायत विकास निर्माणमा असर पर्ने कानुनलाईसमेत चाँडो संशोधन गरेर अगाडि बढ्ने निर्णय भएको छ । बैठकले विकास निर्माणमा बाधक रहेका ऐनलाई १० दिनभित्र टुंग्याएर मन्त्रिपरिषद्मा पेस गर्न वन मन्त्रालयलाई निर्देशन दिएको छ ।

वन तथा वातावरण मन्त्रालयका सचिव डा. दीपककुमार खरालले सर्वोच्च अदालतले गरेको फैसलाको पूर्णपाठ नआएका कारण काम गर्न असजिलो भएको बताए । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयकी सचिव सरिता दवाडीले उक्त फैसलाले राष्ट्रिय गौरवका सिँचाइ आयोजनामा ठूलो असर परेको बताइन् ।


## कुवेतमा रोजगार

कम्पनी : LOKMATI HOUSE COMPANY FOR PIES, PASTRIES & SWEETS  शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८१/१२/०६  चलानी नं.: ६०२३४७६२  LT. No.: 320640

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Indoor | 4 | 0 | सम्बन्धित काममा दक्ष | 90 | ४०,३९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waitress | 0 | 4 | | 120 | ५३,८५७ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १४ गते (27 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.**
Gov. Lic No. 1746 /081/82
MAHA
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com

## युएइमा रोजगार

कम्पनी : BIG PLUS PLASTER WORKS CO.L.L.C
पूर्व स्वीकृति मिति : २०८१/१२/०६  LT. No. 320684  चलानी नं. ६०२३४७८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 10 | 0 | 1000 | ३७,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत १४ गते (27th March 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.**
श्रम इजाजत नं. ११७७/०७३/०७४
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448, Mob: 9813231220, 9802313931, 9851135073, 9808265177, 9806594218, 9841191699, 9841142488, 9861252520, 9851050223, Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

## युएइमा रोजगार

कम्पनी : T F M Facilities Management Services L.L.C
पूर्व स्वीकृति मिति : २०८१/१२/०६  LT. No. 320629  चलानी नं. ६०२३४८२३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER (MALE) | 33 | 0 | 800 | ३०,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TANZIFCO EMIRATES
पूर्व स्वीकृति मिति : २०८१/१२/०६  LT. No. 320630  चलानी नं. ६०२३४८२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 118 | 0 | 800 | ३०,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत १४ गते (27th March 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Index Recruitment Pvt. Ltd.**
श्रम इजाजत नं. 1543/078/079
Chabahil - 7, Kathmandu, Nepal,Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np

## युएईमा रोजगार

कम्पनी : Najmat Al Buraq For Facilities Management Services Co.l.l.c
पूर्व स्वीकृति मिति : २०८१/१२/०६  LT. No. 320618  चलानी नं. ६०२३४७७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners / Office Boys | 2 | 0 | 1300 | ४८,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Messengers | 2 | 0 | 1300 | ४८,९०० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत १४ गते (27th March 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kaushik Janashakti International Pvt. Ltd.**
श्रम इजाजत नं. 330/059/60
Pinglasthan-8, Kathmandu, Nepal, Contact no: +977-1-4592279 ,9851005829,9800941029, 9818544314,9808059185, Email : info@kjinepal.com / kaushikjanashakti2016@gmail.com, hrkaushikjanashakti@gmail.com, Website: www.kjinepal.com

## कुवेतमा रोजगार

कम्पनी : AL RAYA AL BAYDA TRADING COMPANY
पूर्व स्वीकृति मिति : २०८१/०१/१८  पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/०६  LT. No. 304016  चलानी नं. ६०२१८८३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Driver | 3 | 0 | 90 | ४०,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Light Driver | 2 | 0 | 150 | ६७,२२० | | | | | | | |
| 3 | Packaging Worker | 4 | 0 | 120 | ५३,७७५ | | | | | | | |
| 4 | Techinician | 4 | 0 | 130 | ५८,२६० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत १४ गते (27th March 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Munal Overseas Pvt. Ltd.**
श्रम इजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605

## साउदीमा रोजगार

कम्पनी : Al Samo Transport Corporation
पूर्व स्वीकृति मिति : २०८१/१२/०५  LT. No. 320596  चलानी नं. ६०२३४७५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 1 | 0 | 1800 | ६६,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत १४ गते (27th March 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NEW ALFA HR SERVICES PVT. LTD.**
Govt. License No. 1090/073/74
Maharajgunj-3, Kathmandu, Nepal, Contact: 01-4721183, 9841531176, E-mail : newalfahrs@gmail.com, Web: www.newalfahrs.com

## युएइमा रोजगार

कम्पनी : GLORY FACE LADIES SALON S P L L C
पूर्व स्वीकृति मिति : २०८१/१२/०६  LT. No. 320544  चलानी नं. ६०२३४७५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 0 | 1 | 1200 | ४५,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | HAIRDRESSER | 0 | 3 | 1500 | ६५,४२४ | | | | | | | |
| 3 | Masseur | 0 | 1 | 1400 | ५२,६६३ | | | | | | | |
| 4 | Nail technicial(Manicurist/Pedicurist) | 0 | 2 | 1400 | ५२,६६३ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ चैत १४ गते (27th March 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NOVA INTERNATIONAL PVT. LTD.**
श्रम इजाजत नं. १०१९/०६८/०६९
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np


## अमरगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय डडेल्धुरा
### सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्रको प्राविधिक प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८१।१२।०७

यस कार्यालयबाट मिति २०८१।११।१२ गते E-Bidding मार्फत प्रकाशित Construction Rai, Tallo Budali, Bhadar Road, Amargadhi Municipality Ward No 10, Dadeldhura निर्माण कार्य को बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार प्राप्त हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक मुल्याङकनमा उतिर्ण भएका बोलपत्रदाताको विवरण तपशिल बमोजिम सार्वजनिक गरिएको छ ।

तपसिल :

| सि.नं. | बोलपत्रदाताको नाम र ठेगाना | आयोजनाको नाम र ठेगाना | ठेक्का नं. |
|---|---|---|---|
| 1. | Nagarjun Nirman Sewa Pvt. Ltd.- Patan 06 Baitadi | Construction Rai, Tallo Budali, Bhadar Road, Amargadhi Municipality Ward No 10, Dadeldhura | AM/DDL/WORKS/NCB/02-2081/82 |
| | Saino- Bhumiraj Kedar JV, Aalital RM 01 & Amargadhi Municipality 05, Dadeldhura | | |

# Duhabi Municipality
## Office of Municipal Executive
### Duhabi, Sunsari
### Koshi Pradesh, Nepal

## Invitation for Online Bids

*Date Of Publication: 2081/12/07 (2025 Mar.-20)*

1. **Duhabi Municipality invites bids for the goods and Accessories for Duhabi Municipality under National competitive bidding.**

| S N | Description of Works | Contract Identification No. | Estimated Amount (without VAT & PS)) (Rs) | Bid Security (NRs) (Rs) | Bid document fee (Rs) | Pre-bid meeting Date | Bid Submission date | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 1. | Supplying and Delivering of Sanitary Pad as per Specification, Duhabi municipality | DM/SQ/Goods/2081/082-30 | 1589755.75 | 45000.00 | 1000.00 | 11:00AM, 2025/03/28 | 12:00, 2025/04/04 | 13:00, 2025/04/04 |

2. Eligible Bidders may obtain further information from Office of Duhabi Municipality, Duhabi Sunsari, Telephone number 024-540024, email id : duhabibhaluwamun@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below :
   Name of the Bank: NIC Asia Bank. Duhabi Sunsari
   Name of Office: Duhabi Municipality
   Office Account no.: 1082058499378017**( Aantarik Rajashwa khata )**
   Rajashwa Sirsak No:- 14229
4. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at Bid opening date and time at the office of Duhabi Municipality, Duhabi Sunsari. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to Rs mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.
   Account Detail For Bid Security
   Name of the Bank : **NIC Asia Bank. Duhabi Sunsari**
   Name of Office : **Duhabi Municipality**
   Office Account no.: 1082058499378005 **(Dharauti Acc.)**
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning whatsoever.

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# एसइई परीक्षार्थीलाई शुभकामना

**आजबाट देशभर माध्यमिक शिक्षा परीक्षा (एसइई) सुरु हुँदै छ । कक्षा १० का विद्यार्थी सहभागी हुने यो परीक्षाका लागि दुई हजार ७९ परीक्षा केन्द्र तोकिएको छ । यसपटक पाँच लाख १४ हजार ७१ जना परीक्षार्थी एसइईमा सहभागी हुँदै छन् । यो गत वर्षको तुलनामा ४९ हजार २८६ जनाले बढी हो । २०८० मा चार लाख ६४ हजार सात सय ८५ जना विद्यार्थी सहभागी भएका थिए । परीक्षामा १५० जनासम्म परीक्षार्थी भएको केन्द्रमा एक जना सहायक केन्द्राध्यक्ष हुने छन् भने २० जना विद्यार्थी बराबर एक जना निरीक्षक खटिने भएका छन् । यस वर्षको परीक्षामा जापानको एक परीक्षा केन्द्रमा २९ जना विद्यार्थीले एसइई परीक्षा दिने र काठमाडौंको केन्द्रीय कारागार र दैलेखका दुई कारागार तथा भक्तपुरको बालसुधार गृहबाट पनि विद्यार्थीलाई परीक्षा दिने व्यवस्था गरिएको छ ।**

**यस वर्षको एसइईमा कीर्तिपुरस्थित सफलता एचआइभी शिक्षा सदनबाट पनि चार जना एचआइभी संक्रमित विद्यार्थीले परीक्षा दिने भएका छन् । चैत ७ गतेदेखि सुरु भएर १९ गते सम्पन्न हुने परीक्षाको नतिजा असार ७ गतेभित्र सार्वजनिक गर्ने राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयले जनाएको छ । न्यूनतम ३५ अंकभन्दा कम ल्याउने परीक्षार्थी अनुत्तीर्ण हुने पनिकाले जनाएको छ । लेटर ग्रेडिङ प्रणालीमै यस वर्ष पनि परीक्षाको नतिजा सार्वजनिक गर्ने तयारी गरिएको छ । परीक्षाको नतिजामा उत्तीर्ण दरमा ७० प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ । असअघि २०८० को एसइईमा ४८ प्रतिशत मात्रै विद्यार्थी उत्तीर्ण भएका थिए । त्यसैले पनि प्रधानमन्त्री केपी शर्मा ओलीले शिक्षकहरूका कारण विद्यार्थीको उत्तीर्णदर कम भएको बताउँदै आएका छन् ।**

**कुनै बेला उच्च शिक्षाका लागि फलामे ढोका मानिएको एसइईको महत्त्व अझै घटेको छैन । विद्यालय जीवन छाडेर कलेज जीवनमा प्रवेश गर्ने परीक्षालाई अभ्यासको रूपमा लिनुपर्छ । यद्यपि, अहिले कक्षा १२ सम्मलाई माध्यमिक शिक्षा मानिएको छ । निर्धक्क भएर बुझेर जवाफ लेख्दामात्र आफ्नो उचित मूल्यांकन हुने गर्छ । हुन त एसइई 'मास टेस्ट' हो । यो परीक्षा दिन मानसिकरूपमा तयार हुनुपर्छ । कतिपय विद्यार्थी मानसिक रूपमा तयार नहुँदा उसले चाहेको नम्बर ल्याउन नसक्ने अवस्था आउन सक्छ । त्यसैले पनि एसइई नै सबथोक हो भनेर तनाव लिन हुन्न । आफूले जानेको विषयमा निडर भएर जवाफ लेख्दा नै यसको नतिजा राम्रो आउन सक्छ । त्यसैले सरकारको लक्ष्य ७० प्रतिशतभन्दा बढी सतप्रतिशत उतीर्ण हुने प्रयास सबैले गर्नुपर्छ । सबै विद्यार्थी भाइबहिनीलाई एसइईको शुभकामना ।**

# एसइई परीक्षाको सेरोफेरो



■ मनोहर कार्की

> परीक्षालाई विद्यालय शिक्षाको मूल्यांकनको मापनका रूपमा लिई मिहेनत गरी परीक्षामा सहभागी हुनुपर्ने देखिन्छ । परीक्षालाई कुनै अदृश्य हाउगुजी वा कठिनतम् मापनका रूपमा नलिई तत् तहको शिक्षामा हासिल गरेको ज्ञानलाई परीक्षाका माध्यमबाट रूपान्तरण गर्ने अवसरका रूपमा लिनसके उच्च अंककासाथ उत्तीर्ण हुन सकिन्छ । परीक्षार्थीले डर र भयको नकारात्मक मनोविज्ञानबाट आफूलाई टाढा राखेर सकारात्मक सोचका साथ परीक्षालाई लिएमा सफलताको पाइला नजिकै रहन्छ । माथिल्लो ११ कक्षाको अध्ययनतर्फ विज्ञान, व्यवस्थापन, मानविकी, कानुन वा शिक्षाशास्त्र अनि प्राविधिक धारतर्फको विधामा निरन्तरता दिने दिशामा एसइई परीक्षा परिणामले मार्गनिर्देश गर्छ । मिहेनत र लगाव परीक्षामा सफलता पाउने आधार हो ।

वि.सं. १९९० बाट विद्यायल शिक्षा परीक्षाको थालनीका रूपमा 'एसएलसी' परीक्षा मुलुकमा सञ्चालनमा आयो । लामो समयसम्म एसएलसी परीक्षाका नामबाटै चल्यो । यो तहको परीक्षा विद्यालय शिक्षाको अन्तिम परीक्षाका रूपमा जनजिब्रोमा पर्याय नै बन्यो । हामीले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था राजनीतिक व्यवस्थाको मियोका रूपमा लिएपश्चात् शिक्षा क्षेत्रमा पनि संघीयताका छनक देखिए । संघीयतामा रूपान्तरित भएसँगै अघिल्ला केही वर्षदेखि एसइईका नाममा सञ्चालन हुँदै आएको छ ।

यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) आज (चैत ७) देखि सुरु हुँदै छ । चैत १९ गतेसम्म सञ्चालन हुने परीक्षाका लागि देशभर दुई हजार ६४ परीक्षा केन्द्र तोकिएका छन् । परीक्षामा पाँच लाख १४ हजारभन्दा बढी परीक्षार्थी सहभागी हुने छन् । सबैभन्दा बढी काठमाडौं जिल्लाबाट ३८ हजार ८१३ जना र जापानको परीक्षा केन्द्रबाटसमेत परीक्षामा सहभागी हुने कुरा राष्ट्रिय परीक्षा बोर्ड (कक्षा १०) परीक्षा नियन्त्रण कार्यालयले जनाएको छ ।

परीक्षा मूल्यांकन पद्धतिमा केही परिवर्तन तथा परिमार्जनले निरन्तरता पाइरहेको छ । सम्भवतः आवश्यकताको सिद्धान्तका आधारमा मूल्यांकन विधि र प्रणालीमा सुधार गर्ने प्रयास आधिकारिक निकायले गर्दै आएको होला । यस वर्षको एसइई परीक्षामा प्रत्येक विषयको सैद्धान्तिक परीक्षामा न्यूनतम ३५ प्रतिशत र आन्तरिक मूल्यांकनमा ४० प्रतिशत प्राप्तांक ल्याउन अनिवार्य छ । यो मापदण्डको ल्याकत नदेखाएका परीक्षार्थीको लब्धांकमा 'नन्ग्रेडेड' (एनजी) उल्लेख हुने र दुई विषयसम्म नन्ग्रेडेड (एनजी) भएका परीक्षार्थीले ग्रेडवृद्धि परीक्षामा सहभागी हुनसक्ने व्यवस्था कायमै राखिएको छ ।

पछिल्ला समयमा कायम अक्षरांक/ग्रेडिङमा केही परिमार्जन गरी नौ को सट्टामा आठ ग्रेड कायम हुने कुरा सम्बन्धित निकायले सार्वजनिक गरेको छ । न्यूनतम उत्तीर्णांक तथा अक्षरांक/ग्रेडिङ पद्धतिलाई समायोजितरूपमा मूल्यांकनको आधार बनाइएको छ । परीक्षालाई गुणस्तरीय र विद्यार्थीको ल्याकत परीक्षणमा यस किसिमको मापदण्ड केही कसिलो निश्चित रहला तर आशाको छनक दिनसक्ला । मूल्यांकन पद्धति फेरि घुमीफिरी रुम्जाटारकै सेरोफेरोमा आइपुगेको भान परेको छ । परीक्षामा न्यूनतम उत्तीर्णांक ल्याउनुपर्ने अनिवार्य प्रावधानले परीक्षा अवश्य पनि पेचिलो रहन्छ नै । यसको परीक्षण र मूल्यांकन पछिल्ला समय सन्दर्भमा निरन्तर रहला । शिक्षा ऐन आठौं संशोधन, २०७३ कार्यान्वयनमा आएसँगै कक्षा १० को एसइई र कक्षा १२ को परीक्षासम्बन्धी कार्यलाई राष्ट्रिय परीक्षा बोर्डले सञ्चालन गर्ने गरी राष्ट्रिय परीक्षा बोर्डको क्षेत्राधिकारभित्र आबद्ध गरिएको छ । साथै, कक्षा १० को परीक्षा प्रदेशस्तरमा सञ्चालन गर्ने र समग्र विद्यालय शिक्षाको परीक्षालाई दिशानिर्देश गर्ने दायित्व राष्ट्रिय परीक्षा बोर्डमा समाहित गरिएको छ ।

गत वर्षको एसइई परीक्षामा अनपेक्षित परिणामले सबै सरोकारवालालाई सचेत र सजग गराएकै होला । कक्षा कोठाका पठनपाठन, विद्यार्थीको नियमित ल्याकत जाँचकी, शिक्षण सिकाइ र बुझाइमा सुधार ल्याउने प्रयास के-कति भए र परीक्षार्थीको सिकाइ र बुझाइको परीक्षण नियमितरूपमा हुँदै आएको सरोकारवालाले दाबी र पैरवी गर्दै रहलान् । परीक्षाको संघारमा यसको परीक्षण र विद्यार्थीले हासिल गरेको विषयगत ज्ञानलाई यो परीक्षामा निखार्ने प्रयास गर्ने नै छन् । आशा गर्न सकिन्छ, यस वर्षको एसइई परीक्षामा विगतका कमीकमजोरीमा तात्त्विक सुधार भई उत्साहजनक परिणाम दिने छ ।

परीक्षालाई समयानुकूल अनुशासित, मर्यादित तथा व्यवस्थितरूपमा सम्पन्न गर्ने दिशामा शिक्षा मन्त्रालय, राष्ट्रिय परीक्षा बोर्डले आफ्नोतर्फबाट गर्दै आएको भूमिका तथा व्यवस्थापनका सवालमा अन्य सरोकारवाला निकायहरूको सहकार्यसमेत अपरिहार्य छ । विशेषतः परीक्षाको न्यूनतम मान्यता कायम राख्ने, परीक्षार्थीमैत्री तथा भयरहित वातावरणमा परीक्षा सञ्चालन तथा व्यवस्थापनले महत्त्व राख्दछ । तल्लो तहमा केन्द्राध्यक्ष र निरीक्षकदेखि उपल्लो तहका निकाय र पदाधिकारीको समन्वयात्मक सहकार्य न्यूनतम आधार हुन् । सामान्यतः दुर्गम तथा पहाडी क्षेत्रका केही ठाउँ तथा तराई क्षेत्रमा परीक्षाको न्यूनतम मर्यादा र मूल्यलाई कायम गर्ने दिशामा विगतका अनुभवलाई मनन गर्दै थप मर्यादित र अनुशासित बनाउने कार्यमा कडाइका साथ पहल हुनुपर्छ । मिलिभगत र तदर्थ शैलीमा परीक्षामा अनियमिता नहोस् भन्नेतर्फ सजगता आवश्यक छ । सरोकारवालाको ध्यान तीखो हुनुपर्छ ।

पद्धतिले विद्यालय शिक्षाको १२ कक्षाको परीक्षालाई विद्यालय तहको अन्तिम परीक्षाको रूपमा ग्रहण गरी सकेको छ । विधि, कानुनका मानेमा १० कक्षा उत्तीर्ण परीक्षाको रूपमा एसइई परीक्षा हो र त्यसैअनुसार व्यवहार अघि बढ्नु सान्दर्भिक छ । राष्ट्रिय परीक्षा बोर्डले सञ्चालन गर्ने १२ कक्षाको अन्तिम परीक्षापश्चात् विश्वविद्यालय शिक्षा प्रारम्भ हुन्छ । अधिकांश मुलुकका शैक्षिक प्रणालीको अभ्यास पनि यही हो । हामीले केही पछि थालनी गऱ्यौं तर सही दिशातर्फ नै लक्षित छ । मुलुक संघीयतामा रूपान्तरण भइसकेपछि परीक्षा व्यवस्थापन, अनुगमन, सञ्चालनलगायतका सम्पूर्ण कामको जिम्मा पनि राष्ट्रिय परीक्षा बोर्डले नै लिएको छ । एसएलसी एसइईमा रूपान्तरण गरी सकेपछि पनि पुरानै शैली र मानसिकतामा परीक्षा सञ्चालन भइरहनु र संघको जिम्मेवारीलाई पूर्णरूपमा प्रदेशमा हस्तातरण गर्न नसकिनु विडम्बना हो । परीक्षालाई अझै पनि अदृश्य हाउगुजीका रूपमा राज्यले प्रस्तुत गर्न खोजेको विश्लेषण सम्बद्ध शिक्षाविद् तथा सरोकारवालाको रहेको छ । हुनसक्छ, आगामी वर्ष केही रूपान्तरण र परिवर्तनको आभाष पाइने छ ।

विशेषतः विद्यार्थीको क्षमतामा अपेक्षित सुधारको छनक दिन सक्नुपर्दछ । केही कसिलो र सुधारात्मक अभ्यास पछिल्ला समयमा भएका छन् । तर पनि अपेक्षित उपलब्धि दिन हम्मे नै रहला । फेरि पढ्ने-पढाउने व्यवहार, मानक र परिपाटीमा सुधारका तात्त्विक परिवर्तन नपाइएको सन्दर्भको उठान रहनु र अर्कोतिर उत्तीर्ण हुने सबै विद्यार्थीले उच्च शिक्षामा सहज पहुँच कसरी प्राप्त गर्न सक्ला भन्ने बहसको थालनी निरन्तर नै रहला । यस मानेमा उच्च शिक्षाको पहुँचमा सबै विद्यार्थीलाई समाहित गर्नुपर्ने आवश्यकता र बाध्यताबीच सरकारले उच्च शिक्षा प्रदान गर्ने निकायको सञ्चालन र व्यवस्थापन गर्न सक्नुपर्ने चुनौती आफैंमा अहम् छ । संविधानमा मौलिक हकको धारा-३१ प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने व्यवस्था छ । साथै, संविधानको अनुसूची-८ मा व्यवस्था भएअनुसार विद्यालय शिक्षालाई स्थानीय सरकारको अधिकार क्षेत्रभित्र समेटेको छ ।

अबको हाम्रो शिक्षा पद्धति गरिखाने शिक्षा, सीपयुक्त र व्यावहारिक ज्ञानसहितको शिक्षा हुनुपर्छ । हाम्रा शिक्षण विधि सिकाइका मान्यता र समयको मागअनुसार शैक्षिक संस्था रूपान्तरित भई व्यावसायिक र सीपमूलक प्राविधिक शिक्षाप्रदायक हुन सक्नुपर्दछ । त्यसतर्फ विद्यार्थी आकर्षण गर्ने शिक्षा पद्धति अवलम्बन हुनुपर्दछ । आधारभूत तथा मध्यमस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्ने प्राविधिक शिक्षालय पद्धतिलाई मोफसल र विविध भूगोलमा स्थापित गर्न सकिएमा श्रमबजारमा अवसर सिर्जना भई निकै हदसम्म वेरोजगारी समस्या समाधान गर्ने सरकारी नीतिमा मद्दत पुग्ने देखिन्छ । साथै, इच्छुक विद्यार्थीमाझ प्राविधिक धारका विषय अध्ययनको पहुँच पुऱ्याउन सकिएमा एसइई परीक्षामा प्रतिस्पर्धा कायम भई गुणस्तरीयता कायम हुने सम्भावना देखिन्छ ।

परीक्षालाई विद्यालय शिक्षाको मूल्यांकनको मापनका रूपमा लिई मिहेनत गरी परीक्षामा सहभागी हुनुपर्ने देखिन्छ । परीक्षालाई कुनै अदृश्य हाउगुजी वा कठिनतम् मापनका रूपमा नलिई तत् तहको शिक्षामा हासिल गरेको ज्ञानलाई परीक्षाका माध्यमबाट रूपान्तरण गर्ने अवसरका रूपमा लिनसके उच्च अंककासाथ उत्तीर्ण हुन सकिन्छ । परीक्षार्थीले डर र भयको नकारात्मक मनोविज्ञानबाट आफूलाई टाढा राखेर सकारात्मक सोचका साथ परीक्षालाई लिएमा सफलताको पाइला नजिकै रहन्छ । माथिल्लो ११ कक्षाको अध्ययनतर्फ विज्ञान, व्यवस्थापन, मानविकी, कानुन वा शिक्षाशास्त्र अनि प्राविधिक धारतर्फको विधामा निरन्तरता दिने दिशामा एसइई परीक्षा परिणामले मार्गनिर्देश गर्छ । मिहेनत र लगाव परीक्षामा सफलता पाउने आधार हो ।

परीक्षा सञ्चालन तथा व्यवस्थापनका सन्दर्भमा परीक्षा केन्द्रको आन्तरिक वातावरण तथा परीक्षा केन्द्रभन्दा बाहिरको आसपासको वातावरणले परीक्षालाई शान्तिपूर्ण, मर्यादित तथा अनुशासित बनाउने दिशामा महत्त्व राख्छ । जिम्मेवारी तथा दायित्व निर्वाहमा कुनै किसिमको मुलाहिजा तथा कञ्जुस्याइँ गर्नु हुँदैन । मनोवैज्ञानिक त्रास, भयबाट मुक्त ढंगबाट परीक्षा दिन पाउने वातावरण बनाउनेतर्फ सरोकारवालाको ध्यानाकर्षण हुनुपर्दछ । परीक्षाको न्यूनतम मर्यादा र आचारसंहितालाई पालना नगर्ने जो-कोही सरोकारवाला तथा परीक्षाका केन्द्राध्यक्ष र निरीक्षकहरूलाई आचरणअनुसार पुरस्कार र दण्ड जरिवानाको कार्यान्वयन गरिएको खण्डमा अवश्य चुस्त व्यवस्थापकीय सक्षमताको छनक दिने छ ।

विद्यार्थीमा उच्च शिक्षातर्फको अग्रगमनका रूपमा चासो र सरोकार हुनुपर्दछ । मर्यादित, अनुशासित तथा भयरहित वातावरण परीक्षाको गरिमाको कसी हो । एसइई परीक्षा सञ्चालन, व्यवस्थापन तथा सम्पन्नताका आयामले सफलता दिलाउन इमान्दारसाथ कार्यान्वयन तहमा खरो रूपमा उत्रिनुपर्दछ ।

## श्रम सरोकार

### वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन् । त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ । कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ । रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ । तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ । उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन । उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ । उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ । समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन । यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ । तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस् । नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन् । यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस् ।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन् । तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस् । उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन् । खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ । मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ । कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ । रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस् ।

राहदानी कम्पनी वा स्पोन्सरले राखेको बखत यसको म्याद सकिन सक्छ । यस्तो बेलामा राहदानीको म्याद थप्ने बेला भएको जानकारी रोजगारदातालाई गराउने । घरेलु कामदार महिलाहरूका मालिकले मोबाइल खोसेर लाने भएकोले लुकाएर राख्ने र मालिक नभएको बेलामा मात्र प्रयोग गर्ने । नेपाली दूतावास वा अन्य आवश्यक सम्पर्क नम्बरलाई मोबाइलबाहेक व्यक्तिगत डायरीमासमेत टिपोट गरेर राख्ने गर्नुहोस् ।

# जनतालाई उत्साहित बनाउने काम गरौं



■ गोमादेवी तिमिल्सिना

> पछिल्लो समय हुर्कंदै गएको पुस्तामा कामभन्दा हाहा हुहु, फेसबुकमा अल्मलिने र अरुलाई बढी दोष थुपार्ने प्रवृत्ति बढेको छ । यो पक्षलाई राम्रो मान्न सकिन्न । सबैलाई इज्जतपूर्वक सम्बोधन गर्नुपर्छ । त्यसरी अघि बढ्दा नै समाज, मुलुकको जित हुन्छ । त्यसबाटै जनताको कल्याण हुन्छ । सबैले सहजरूपमा खान लाउन, बस्न, औषधोपचार गर्न पाए भने किन मानिस रोइलो काट्छ ?

मुलुकको राजनीति अहिले पनि सही अवस्थामा अघि बढ्न सकेको छैन । किनभने लोकतन्त्रको सुन्दर पक्ष पहिलो पार्टीले सत्ता चलाउने र दोस्रो ठूलो दल प्रतिपक्षमा बसेर खबरदारी गर्ने भन्ने मान्यता छ, तर अहिले अवस्था त्यस्तो छैन । दुई ठूला दल मिलेर सरकार चलाउँदा विपक्षी आवाज कमजोर बनेको अनुभूति भइरहेको छ ।

हिजो पनि वामपन्थी दलहरूको दुईतिहाइ नजिकको अवस्थालाई भताभुंग बनाउने काम भयो । संसद्मा क्रियाशील साना दल केही होइनन् भन्ने प्रवृत्ति हाबी छ । पछिल्लो समय संविधान १० वर्षमा समीक्षा गर्नुपर्छ भन्ने भाष्य अघि सारिएको छ । संविधान संशोधन दुई ठूला दलले मात्र गर्न सक्ने कुरा होइन । परिवर्तनकारी शक्तिको साझा दस्तावेजका रूपमा जारी भएकाले सबै राजनीतिक दलको सहमति चाहिन्छ । नभए यो सम्भव छैन । संविधानमा लेखिएका विषयवस्तु अहिलेसम्म के पूरा भए, के गर्न मिलेन र अब किन संशोधन आवश्यक भयो ? समीक्षा गरी प्रस्ट हुनुपर्छ ।

संविधानमा लेखिएका जनताका अधिकारसम्बन्धी धेरै कुराहरू पूरा भएकै छैनन् । संविधानमा लेखिएका स्वास्थ्य, रोजगार, शिक्षा, आवासजस्ता विषयको कार्यान्वयनमा ध्यान दिएको देखिन्न । त्यसैले संविधान संशोधन गर्नासाथ देशमा रातारात विकास भइहाल्छ जस्तो लाग्दैन । जनताका अधिकार कार्यान्वयन नगरेको जिम्मेवारी सरकारले लिनुपर्छ । युवा विदेश पलायन भइरहँदा स्वदेशमा रहने वातावरण र योजना खोई ? सरकार सञ्चालन गर्नेले नै त्यसको सम्बोधन र कार्यान्वयनको जिम्मा लिनुपर्छ ।

जनताले परिवर्तनको अनुभूति गर्न पाएका छैनन् । जनताले पुराना दल र त्यसको नेतृत्वमाथि आक्षेप लगाउँदा मलाई पनि मन दुख्छ, तर सरकारबाट प्राप्त गर्नपर्ने सेवासुविधा प्राप्त गर्न नसकेपछि विरोध हुनुलाई अन्यथा लिएर चित्त दुखाउनुपर्ने अवस्था हुन्न । उद्योगधन्दा खोल्ने, योजना बनाउने र रोजगारी दिलाउने सरकारको जिम्मेवारी हो । तर भएका उद्योग पनि क्रमशः बन्द भइरहेका छन् । अनि, कसरी युवा देशमा बस्छन् ? यसको मुख्य जिम्मेवारी ठूला दलले नै लिनुपर्छ । कहिलेकाहीँ मेरो दल नेकपा एकीकृत समाजवादी पनि सरकारमा गएको छ, तर त्यहाँ जाने दुई थान मन्त्रीले के गर्न सक्छन् भन्ने मेरो मत हो । अहिले त त्यो अवस्था पनि रहेन ।

सरकारमा ठूलाले अनुशासनको घेराभित्र बसिदिए पो अरु सानालाई पनि मान्नुपर्छ भन्ने दबाब हुन्छ । मुलुकमा रोग छ, गरिबी छ, दुःख छ । यहाँ हामीले चीन, अमेरिका र युरोपको उदाहरण दिनुको के अर्थ छ र ? हिजो थोरै मानिसले धेरै काम गरेर पञ्चायतलाई फालियो । अहिलेको जमाना फरक छ । पछिल्लो समय हुर्कंदै गएको पुस्तामा कामभन्दा हाहा हुहु, फेसबुकमा अल्मलिने र अरुलाई बढी दोष थुपार्ने प्रवृत्ति बढेको छ । यो पक्षलाई राम्रो मान्न सकिन्न । सबैलाई इज्जतपूर्वक सम्बोधन गर्नुपर्छ । त्यसरी अघि बढ्दा नै समाज, मुलुकको जित हुन्छ । त्यसबाटै जनताको कल्याण हुन्छ । सबैले सहजरूपमा खान लाउन, बस्न, औषधोपचार गर्न पाए भने किन मानिस रोइलो काट्छ ?

नेपाललाई कृषिप्रधान देश भनिए पनि भएभरका जग्गाजमिन घडेरीका लागि भन्दै कित्ताकाट गरेर टुक्राटुक्रा पारिएको छ । सन्ततिको भविष्य हेरिएको छैन । भएका जमिन बाँझो राखिएको छ । बाँझो जमिन उपयोग गर्ने सरकारको नीति प्रस्ट छैन । जनताले पनि केही सोच बनाएको देखिन्न । उल्टो यहाँ केही हुन्न भनेर छोरोछोरीलाई पुस्तै बिदाइ गरेको देखिन्छ । भएका जग्गाजमिनमा खेतीबाली लगाउने, हेरचाह गर्ने र आनन्दसँग घरमा बस्नुका साटो विदेश जाने होड्बाजी राष्ट्रिय हितविपरीत हो । अमेरिका र भारतको उडिसामा भएका घटनाले विदेशमा के-कस्ता समस्या बेहोनै पर्दो रहेछ भन्ने स्पष्ट गरेको छ । हामीले नेपाललाई नै विकास, समृद्धिमा लगेर सुविधासम्पन्न गराउन सक्नुपर्छ । समाजमा केही आमाबालाई छोराछोरी विदेश भए भने घुम्न पाइन्छ भन्ने सोचले पनि प्रभावित तुल्याएको छ । कसैले यहीँ पनि उद्योग चलाएर उदाहरण प्रस्तुत गरेका छन् । पूर्वी नेपालमा कतिपय परिवारले तानमा साडी बुनेर आकर्षक मूल्यमा बेचबिखन गरेको देखिन्छ ।

सरकारले बेरोजगारी समस्या हटाउन स-सना कुटिर उद्योगलाई सञ्चालनमा ल्याउन सहयोग गर्नुपर्छ । त्यो खाले सोच देखिएको छैन । विदेशी सहयोगमा सञ्चालन भएको कृषि औजार कारखाना बन्द भयो । त्यो सञ्चालन गर्न आत्मकथा बेचेर महावीर पुनले प्रयास गरिरहेका छन् । बन्द भएका बाँसबारी, हेटौंडा सिमेन्ट र वीरगञ्ज चिनी कारखाना चलाउनुपर्छ भनेर सुरुदेखि कुरा उठाइरहेकी छु । नेपाली कांग्रेसले घाटामा गएका १८ वटा उद्योग बेच्यो भनेर हिजो विरोध गरियो, अहिले वामपन्थीकै नेतृत्वमा रहेको सरकारले पनि बाँकी उद्योग बिक्री गर्न सूची तयार गरेको सुनेको छु ।

अहिलेको मुख्य समस्या रोजगारी नै हो । रोजगारी भएन भने चुलो बल्दैन । हिजो एउटै छानामुनि एक हजार २०० भन्दा बढीले रोजगारी पाइरहेको हेटौंडा कपडा उद्योग बन्द छ । त्यसमा आधाभन्दा बढी महिला काम गर्थे । कानुन बनाउने सन्दर्भमा राष्ट्रिय सभा मातहतका समितिबाट भगिरथ प्रयास भइरहेको छ । सरकारका प्रतिनिधिलाई बोलाएर निरन्तर छलफल गरिरहेका छौं । आ-आफ्ना समितिमा विषयगत छलफल गरिरहेका छौं । सरकारलाई निर्देश र सरोकारवालासँग छलफल भइरहेकै छ । देशका मुहार फेर्नुपर्छ भनेर लागेका हामीहरूले नराम्रो कहिल्यै गर्न हुन्न । सकेसम्म राम्रो गर्नुपर्छ । त्यो भएमा जनतामा आशा जागृत हुन्छ । जनताका बीचमा पुगेर निराश नहुनुस् हामी मिलेर काम गर्नुपर्छ भनेर उत्साह भर्नुपर्छ । देशमा विद्यमान तीन तहका सरकारबीच समन्वय गरेर नतिजा देखिनेगरी काम गर्नुपर्छ । विकासका विषयमा राजनीति गर्न हुन्न ।

*(नेकपा एकीकृत समाजवादी पार्टीकी केन्द्रीय सदस्यसमेत रहेकी राष्ट्रिय सभा सदस्य तिमिल्सिनासँग राससले गरेको कुराकानीमा आधारित)*

# बैतडीका गाउँगाउँमा भाइरल ज्वरोका बिरामी बढे

**बैतडी (प्रस)**– मौसममा आएको परिवर्तनसँगै बैतडीका गाउँगाउँमा भाइरल ज्वरोका बिरामी बढेका छन् । यहाँका अस्पताल, स्वास्थ्य संस्थामा आउने बिरामीमध्ये अधिकांश भाइरल ज्वरोका रहेका स्वास्थ्यकर्मीले बताएका छन् ।

सदरमुकामस्थित जिल्ला अस्पतालमा मात्रै दैनिक ५० जनाभन्दा बढी भाइरल ज्वरोका बिरामी आउने गरेका अस्पातालका सूचना अधिकारी हरिश पन्तले जानकारी दिए । उनका अनुसार दैनिक १५० जनाभन्दा बढी बिरामी आउने गरेकामा ५०-८० जनासम्म भाइरल ज्वरोका रहेका छन् ।

सूचना अधिकारी पन्तले भने, 'अस्पतालमा दैनिक आउने बिरामीमध्ये अधिकांशमा भाइरल ज्वरो देखिन थालेको छ । मौसम परिवर्तनका कारण भाइरल ज्वरोका बिरामी बढेका हुनसक्छ । यो मौसममा हावाहुरी, धुलोधुवाले गर्दा पनि संक्रमण बढ्छ ।' उनका अनुसार जिल्लाको तल्लोसोराड क्षेत्रस्थित केशरपुर प्राथमिक स्वास्थ्य केन्द्रमा भाइरल ज्वरोका बिरामी बढेका छन् ।

जिल्लाका अन्य स्वास्थ्य संस्थामा उपचारका लागि आउने भाइरल ज्वरोका बिरामीको चाप बढ्न थालेको बताउँदै श्रीकोट स्वास्थ्य चौकीका इञ्चार्ज वीरसिंह भाटले मौसम परिवर्तनले गर्दा गाउँघरमा भाइरल संक्रमणका बिरामी बढेका उल्लेख गरे । उनले भने, 'अन्य बेलाको तुलनामा आजभोलि भाइरल ज्वरोका बिरामी बढेका छन् । स्वास्थ्यचौकीमा दैनिक २० जनाभन्दा बढी बिरामी ज्वरोका हुने गर्दछन् ।'

मौसम परिवर्तनका साथसाथै अस्वस्थकर खान र प्रदूषित पानीले भाइरल ज्वरोको संक्रमण बढेको जिल्ला अस्पताल बैतडीका प्रमुख डा. सुशील विकले बताए । ज्वरो आएमा अन्य संक्रमण पनि हुनसक्ने भएकाले नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन उनले सबैलाई आग्रह गरे ।

ज्वरो आएमा आफूखुसी मेडिकलबाट औषधि किनेर नखान स्वास्थ्यकर्मीहरूले सुझाव दिएका छन् । ज्वरो आउनेबित्तिकै मेडिकलबाट औषधि किनेर खाने प्रवृति रहेकाले त्यसो नगरी स्वास्थ्यकर्मीसँग जाँच गराएरमात्रै औषधि प्रयोग गर्न डा. विकले आग्रह गरे ।

जथाभावी औषधिको प्रयोग गर्दा स्वास्थ्यमा अन्य समस्या पनि निम्तिन सक्ने भएकाले स्वास्थ्य संस्थामा जाँच गराएर मात्रै सेवन गर्नुपर्ने, भाइरल ज्वरोसहित रुघा, खोकीलगायत संक्रमणबाट बच्न शुद्धीकरण गरिएको पानी प्रयोग गर्नुपर्नेमा स्वास्थ्यकर्मीले जोड दिएका छन् ।

# एक वर्षदेखि व्यवस्थापन समितिविहीन कान्ति मावि एसइईमा ६२० विद्यार्थी सहभागी हुँदै

■ **दामोदर खनाल**

**बुटवल**– सरकारी विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठनमा दलीय राजनीतिको कतिसम्म खिचातानी र लापारवाही हुन्छ भन्ने उदाहरण बनेको छ, बुटवलको कान्ति माध्यमिक विद्यालय ।

बुटवल उपमहानगरपालिका-४ मा २०१० सालमा स्थापना भएको यो विद्यालयमा हाल नर्सरीदेखि १२ कक्षासम्म पाँच हजार ६०० विद्यार्थी अध्ययनरत छन् । जुन विद्यालयमा २४ जना शिक्षकको दरबन्दी रहेकोमा हाल शिक्षक र कर्मचारी गरी २१७ जना कार्यरत रहेको विद्यालयका प्राचार्य गोविन्द ज्ञवालीले जानकारी दिए । अन्य शिक्षक कर्मचारीको खर्च अभिभावकसँग दान सहयोगको रूपमा रकम लिएर व्यवस्थापन गर्दै आएको छ ।

यो विद्यालयबाट आज (बिहीबार)देखि सुरु हुने एसइई परीक्षामा ६२० जना परीक्षार्थी सहभागी हुँदै छन् । सरकारी विद्यालय बाट एसइईमा सहभागी हुने यो विद्यार्थी संख्या सम्भवत नेपालभरिकै बढी हो । यो वर्ष रूपन्देही जिल्लाबाट करिब २२ हजार विद्यार्थी एसइई परीक्षामा सहभागी हुने भएका छन् । रूपन्देहीका १७६ सामुदायिक र १७० संस्थागत विद्यालय गरी कूल ३४६ विद्यालयबाट २२ हजार ९०० भन्दा बढी विद्यार्थी परीक्षामा सहभागी हुने बताइएको छ ।

यति धेरै विद्यार्थी रहेको विद्यालयमा एक वर्षसम्म विद्यालय व्यवस्थापन समिति गठन हुन नसक्नुले शिक्षा र सरोकारवाला निकायको लापारवाही छर्लंग पारेको छ । पढाइमासमेत अब्बल मानिने यो विद्यालयका प्राचार्य गोबिन्द ज्ञवाली विद्यालय व्यवस्थापन समिति नबन्दा शिक्षक कर्मचारीको पदपूर्ति तथा पठन पाठनको गुणस्तर र दीर्घकालीन योजना प्रभावित हुने बताएका छन् ।

२०८० वैशाख २ गते विद्यालय व्यवस्थापन समितिको पदावधि सकिएको थियो । व्यवस्थापन समितिको समय सकिएपछि पटक-पटक विद्यालय व्यवस्थापन समिति गठन गर्ने प्रयास गरियो । कांग्रेस र एमालेका कारण कान्ति माविले एक शैक्षिकसत्र विद्यालय व्यवस्थापन समिति पाउन सकेन । जसले गर्दा विद्यालयको विभिन्न क्षेत्र प्रभावित हुन पुगेको छ ।

राजनीतिक खिचातानीका कारण विद्यालयमा व्यवस्थापन समिति गठन हुन नसकेको हो । शिक्षक टीकाराम शर्माले लामो समयदेखि विद्यालय व्यवस्थापन समिति राजनीति खिचातानीका कारण बन्न नसक्दा योजना तर्जुमा र शिक्षक व्यवस्थापनमासमेत प्रभाव परेको बताए । उनले भने, 'शैक्षिक संस्थामा यसरी राजनीति हुनु हुँदैन । शिक्षक भर्ना गर्न पनि अध्यक्षको आवश्यक हुन्छ तसर्थ जतिसक्दो चाँडो विद्यालय व्यावस्थापन समिति गठन होस् ।'

पुरानो विद्यालय व्यवस्थापन समितिको समय सकिएपछि नयाँ समिति गठन गर्ने बेला कांग्रेस र एमालेले विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा दाबी गरेपछि विद्यालय व्यवस्थापन समितिविहीन बनेको हो । अहिले माओवादी केन्द्रले पनि भाग खोजेको बताइएको छ ।

नयाँ शैक्षिक सत्र सुरु हुनेबेला २०८१ चैत ३ गते आइतबार राजनीतिक दलका स्थानीय नेताहरू विद्यालय व्यवस्थापन समिति गठनका लागि बैठक बसेका थिए । तर भागबण्डा नमिल्दा बैठक निष्कर्षविहीन भएको बैठकमा सहभागी एक सदस्यले जानकारी दिए । पटक-पटक बसेको बैठकमा पनि अध्यक्षका लागि एमाले र कांग्रेसले दाबी गरेपछि बैठक निष्कर्षविहीन भएको हो । विद्यालयजस्तो संस्थामा चरम राजनीति हुनु दुःखद् विषय भएको स्थानीय बताउँछन् ।

# युवालाई स्वरोजगार बनाउन सीपमूलक तालिम

**अर्घाखाँची**– स्थानीय बेरोजगार युवालाई स्वरोजगार र आत्मनिर्भर बनाउने उद्देश्यले जिल्लाको सन्धिखर्क नगरपालिकामा सीपमूलक तालिम सुरु भएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत कार्यस्थलमा आधारित सीप, क्षमता विकास र जीवन उपयोगीसम्बन्धी ५० दिनसम्म 'प्लम्बिङ' तालिम सुरु भएको हो ।

बुधबार यहाँ आयोजित एक समारोहका बीच सन्धिखर्क नगरपालिकाका प्रमुख कृष्णप्रसाद श्रेष्ठले तालिमको उद्घाटन गरे । तालिममा १२ वटा वडाका ४० जना सूचीकृत बेरोजगारमध्ये अधिकांश महिला रहेका उनले बताए ।

बेरोजगारलाई स्वरोजगार र उद्यमी बनाउने, युवालाई रोजगारीका अवसर सृजना गरी वैदेशिक रोजगारीमा जान रोक्नेलगायत बजारको माग अनुसार दक्ष जनशक्ति तयार पार्न यो तालिम आयोजना गरिएको नगरप्रमुख श्रेष्ठले बताए । विदेश पलायन भइरहेका युवायुवतीलाई स्वदेशमा रोजगारीका अवसर सिर्जना गर्न सकियोस् भनेर यो तालिम आयोजना गरिएको उनको भनाइ छ ।

बेरोजगारलाई उद्यमशीलतातर्फ उन्मुख गराउन, स्वरोजगार बनाउन र विदेश हुने पलायनदर रोक्न संघीय र प्रदेश सरकार तथा सबै पालिकाले यस्ता सीप तथा रोजगारमूलक तालिम आयोजना गर्न जरुरी रहेको नगरका प्रमुख प्रशासकीय अधिकृत खिमानन्द भुसालले बताए । कार्यक्रममा सन्धिखर्क-१ का वडाध्यक्ष माधव श्रेष्ठ, वडा नं ९ का वडाध्यक्ष पदमबहादुर भुसालसहित स्थानीय तहका कर्मचारी तथा प्रतिनिधि, तालिममा सहभागी हुनेलगायतको उपस्थिति थियो । *रासस*


## साउदीमा रोजगार
कम्पनी : AL REHAB DIAMOND CATEGORY
पूर्व स्वीकृति मिति : २०८१/१२/०६ | LT. No. 320638 | चलानी नं. ६०२३४८२९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 1 | 0 | 1000 | ३६,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १४ गते (27th March 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sulav Recruitment Pvt.Ltd.**
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : +977- 5903011/5903012
Email: sulavrecruitment@gmail.com, Website: www.sulavhr.com
Govt. License No. 1336/074/075

## ओमनमा रोजगार
कम्पनी : KAEFER INSULATION LLC
पूर्व स्वीकृति मिति : २०८१/१२/०६ | LT. No. 320701 | चलानी नं. ६०२३४५३३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Executive of Isolated Buildings | 50 | 0 | 140 | ५०,१९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १४ गते (27th March 2025) मा हुनेछ ।

(Same cost table as above; सेवा शुल्क: निःशुल्क. Same वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी.)

**BAJRA HUMAN RESOURCES PVT.LTD**
Thadodhunga-3,Lalitpur, Nepal,Tel: +977-1-5455823/5454821,
Email: bajrah@gmail.com paudyalsp@hotmail.com
श्रम इजाजत नं. ५९७/०६२/०६३

## भुलसुधार:- WORKFORCE SERVICES PVT. LTD. को सूचना मिति २०८१/११/०६ गते प्रकाशित हुनुपर्नेमा भुलवस छुट्न गएकाले पुन: प्रकासिशत गरिएको छ ।

## साउदीमा रोजगार
कम्पनी : NAL UNITED COMPANY LTD
पूर्व स्वीकृति मिति : २०८१/१२/०५ | LT. No. 320578 | चलानी नं. ६०२३४७३७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | trailer truck driver | 7 | 0 | 1800 | ६६,६२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १३ गते (26th March 2025) मा हुनेछ ।

(Same cost table; सेवा शुल्क: निःशुल्क. Same वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी.)

**WORKFORCE SERVICES PVT. LTD.**
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम इजाजत नं. १७२/०५६/५७

## साउदीमा रोजगार
कम्पनी : LAVENDER SCENT CAFE FOR DRINKS
पूर्व स्वीकृति मिति : २०८१/१२/०६ | LT. No. 320646 | चलानी नं. ६०२३४७८९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BARISTA | 1 | 0 | 1200 | ४४,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL KHAIR FOOD SUPPLIES
पूर्व स्वीकृति मिति : २०८१/१२/०६ | LT. No. 320647 | चलानी नं. ६०२३४७९०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 118 | 0 | 1200 | ४४,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १४ गते (27th March 2025) मा हुनेछ ।

(Same cost table; सेवा शुल्क: १०,०००. Same वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी.)

**Index Recruitment Pvt. Ltd.**
Chabahil - 7, Kathmandu, Nepal,Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np
श्रम इजाजत नं. 1543/078/079

## युएइमा रोजगार
कम्पनी : A & S CONTRACTING L.L.C
पूर्व स्वीकृति मिति : २०८१/१०/१० | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/०६ | LT. No. 317671 | चलानी नं. ६०२३४८०६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 30 | 0 | 800 | ३०,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 70 | 0 | 800 | ३०,०९० | | | | | | | |

कम्पनी : Avance Auto Services LLC
पूर्व स्वीकृति मिति : २०८१/१२/०६ | LT. No. 320650 | चलानी नं. ६०२३४८०८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Auto Body Repairman | 2 | 0 | 1400 | ५२,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Office Clerk | 1 | 0 | 1400 | ५२,२६० | | | | | | | |
| 3 | Vehicle Mechanic | 2 | 0 | 1400 | ५२,२६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १४ गते (27th March 2025) मा हुनेछ ।

(Same cost table; सेवा शुल्क: १०,०००. Same वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी.)

**Muskan Overseas Pvt. Ltd.**
Samakhushi -26, Kathmandu, Nepal, Tel: 01 - 4959026, 01-4963094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np
Govt. License 1342/074/75

## युएइमा रोजगार
कम्पनी : TALIE ALMATNI DECOR - L.L.C - O.P.C
पूर्व स्वीकृति मिति : २०८१/१२/०६ | LT. No. 320615 | चलानी नं. ६०२३४७६९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 25 | 0 | 900 | ३३,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason II | 25 | 0 | 1200 | ४५,१४० | | | | | | | |

कम्पनी : J S D TECHNICAL WORKS L.L.C.
पूर्व स्वीकृति मिति : २०८१/०९/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/०६ | LT. No. 315648 | चलानी नं. ६०२२९८९१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason / Mason | 5 | 0 | 1200 | ४५,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Painter | 5 | 0 | 1200 | ४५,१४० | | | | | | | |
| 3 | Plasterer | 4 | 0 | 1200 | ४५,१४० | | | | | | | |
| 4 | Steal Fixer | 11 | 0 | 1200 | ४५,१४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १४ गते (27th March 2025) मा हुनेछ ।

(Same cost table; सेवा शुल्क: निःशुल्क. Same वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी.)

**NEPAL WORLD OVERSEAS PVT.LTD**
LIC No. 1682/080/081
Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, 1-4986470, Mobile: 9849478677,
E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com

## कुवेतमा रोजगार
कम्पनी : the lavillage restaurant
पूर्व स्वीकृति मिति : २०८०/०७/०३ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/०६ | LT. No. 294188 | चलानी नं. ६०२०९४४६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 10 | 0 | 90 | ४०,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 5 | 0 | 150 | ६७,२२० | | | | | | | |
| 3 | Runner / Preparer | 10 | 0 | 120 | ५३,७७६ | | | | | | | |
| 4 | Waiter/waitress | 20 | 25 | 130 | ५८,२६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १४ गते (27th March 2025) मा हुनेछ ।

(Same cost table; सेवा शुल्क: १०,०००. Same वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी.)

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## जापानमा रोजगार
कम्पनी : CREATE CO. LTD
पूर्व स्वीकृति मिति : २०८१/१२/०६ | LT. No. 319881 | चलानी नं. ६०२३४८२७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | YEN | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food processing | 2 | 0 | 171560 | १५८,०८० | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्केपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रा.लि.को कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्च: निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका: अन्तर्वार्ता, स्थान: प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मिति: पछि प्रकाशित गरिनेछ ।

नोट: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्य: यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ चैत १४ गते (27th March 2025) मा हुनेछ ।

(Same cost table; सेवा शुल्क: निःशुल्क. Same वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी.)

**NIHON EMPLOYMENT CENTER PVT.LTD**
Pepsikola-32, Kathmandu, Nepal, T: 977-1-49929, Email:- necc.mgmt@gmail.com
Govt.Lic. No 1567/079/80


## कनकाई नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झापा

## अन्लाइन बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/१२/०७

यस नगरपालिकाको तपशील बमोजिमको निर्माण कार्य गर्नका लागि बोलपत्र आह्वान गरिएको छ । बिस्तृत सूचना, सर्तहरु तथा बोलपत्र फारम वेबसाइट www.bolpatra.gov.np/egp मा राखिएको छ । बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०१/०७ मध्यान्ह १२ बजे भित्र तथा बोलपत्र खुल्ने मिति २०८२/०१/०७ दिउँसो १२:३) बजे ।

| सि.नं. | बोलपत्रको बिबरण | ल.इ. रकम (भ्याट र पियस बाहेक) | बिडबन्ड रकम | फारम दस्तुर |
|---|---|---|---|---|
| १ | वडा नं. ८ वडा कार्यालय अधुरो काम सम्पन्न गरि संचालन (Kanakai/NCB/Works/7/081-82) | रू २८,६१,८४५.५२ | रू ८०,०००.०० | रू ३,००० |

स्थानीय सरकार
## दुहवी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
दुहवी, सुनसरी
कोशी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति: २०८१।१२।०७**

यस कार्यालयबाट प्रकाशित सूचना अनुसार बिभिन्न निर्माण कार्य गर्नको लागि आव्हान भएको बोलपत्रको सूचना बमोजिम प्राप्त हुन आएका बोलपत्रदाताहरूबाट निम्नानुसारको स्वीकृतिको लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ दफा २७(२) बोजिम बोलपत्र स्वीकृत गर्न ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | योजनाको नाम | बेलपत्रपत्र नं. | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. मु.अ.क. तथा पि.एस. सहित |
|---|---|---|---|---|
| 1 | Construction and Installation of Granite and Tiles at Fish shade, Drain slab, inter Block work, etc at Haatbajar, ward-4 (2nd phase) | (DM/NCB/work/2081/082-21) | Prazmi Construction And Suppliers, Budiganga, Morang | 2094823.45 |
| 2 | Construction of Bishnu Ma.Bi. School Building at Duhabi Municipality Ward No. 8 | (DM/NCB/work/2081/082-22) | BanglamukhiNirman Sewa, Duhabi-09, sunsari | 2256098.41 |
| 3 | Construction of Building at Dinesh Chaudhary Smriti Basic School, Duhabi Municipality ward -02 | (DM/NCB/work/2081/082-24) | Duhabi Construction & Suppliers Pvt.Ltd, Duhabi-2, Sunsari | 2516940.16 |

दुहवी नगरपालिका
प्रमुख प्रशासकिय अधिकृत

# प्रभाव दैनिक

बिहीबार, ०७ चैत २०८१ (Thursday, March 20, 2025)





### 'मैले बुनेका रहर' भुवन र कुसुमको अभिनय

गायक स्वरूपराज आचार्यको सुमधुर स्वर रहेको गीत 'मैले बुनेका रहर' सार्वजनिक गरिएको छ । सुवास कुमार लम्सालको शब्द, राम कार्कीको सङ्गीत तथा ऐरेन्ज गीतमा छ । गीतको म्युजिक भिडियोमा भुवन के. पोखरेल, कुसुम शर्मा, गोपीकृष्ण चापागाईं, श्रीधर खनाल, र मान्शी शर्माको अभिनय छ । भिडियोको निर्देशन सुरेश थापाले गरेका हुन् भने क्यामेरा तथा सम्पादन प्रवेश पोखरेलको छ । भिडियोमा प्रेम र जीवनका भावनालाई मार्मिक रूपमा प्रस्तुत गरिएको छ । गीतले दर्शकबाट राम्रो प्रतिक्रिया पाउने अपेक्षा राखेको संगीतकार कार्कीले बताए ।






# रंगकर्मी विमलको 'हिउँको गीत' आउँदै

■ प्रभाव संवाददाता

**काठमाडौं–** रंगकर्मी विमल सुवेदीको लेखन तथा निर्देशनमा तयार भएको पहिलो चलचित्र 'हिउँको गीत'को मोसन पोस्टर सार्वजनिक भएको छ । सार्वजनिक पोस्टरले चलचित्रका मुख्य कलाकारलाई परिचित गराउनुका साथै चलचित्रको विषयवस्तुलाई पनि विम्बात्मक रूपमा प्रस्तुत गरेको छ । औंठाछापको पृष्ठभूमिमा बनेको पोस्टरले विस्थापनको कथासँगै कलाकारका उदास आँखा र क्षितिजतर्फको दृष्टिमार्फत् चरित्रको अनन्त प्रतीक्षाको नियतिलाई संकेत गरेको छ ।

'हिउँको गीत' मार्फत् चलचित्र निर्देशनमा पाइला चालेका विमल सुवेदी थिएटर भिलेजमार्फत् देश विदेशमा अनेकौं प्रयोगधर्मी नाटक गर्ने सर्जकको रूपमा परिचित सर्जक हुन् । उनले नेपाली नाट्य क्षेत्रलाई राष्ट्रियस्तरमा मात्र नभएर अन्तर राष्ट्रियस्तरमा समेत प्रतिनिधित्व गरेका छन् । लामो समयदेखि नाट्य क्षेत्रबाट नै नेपाली कलाक्षेत्रलाई महत्वपूर्ण योगदान दिएका विमलले अध्यापन र धेरै चलचित्रकर्मीहरूसँग सहकार्य गरिसकेका छन् । तर उनी सधैं रंगकर्मीको रूपमा चिनिन चाहन्छन् । यस पटक भने उनले आफ्नै कथा, पटकथा तथा निर्देशनमा 'हिउँको गीत' तयार गरेका हुन् । उनी र थिएटर भिलेजका काम सँधै अरुभन्दा फरक हुने गर्छन् । उनले आफ्नो त्यो लिगेसी यो चलचित्रमा पनि कायम राखेको छन् भन्ने कुरा उनको मोसन पोस्टरबाट स्पष्टै बुझ्न सकिन्छ । लेखनमा विमललाई साँघुरो चलचित्रका निर्देशक जोयश पाण्डेले पनि सहकार्य गरेका छन् ।

'हिउँको गीत'मा वर्षा राउत, जोयस पाण्डे, आकाश खतिवडा, ईशिर कर्माचार्य र पूजा चन्द केन्द्रिय भूमिकामा रहेका छन् । चलचित्रको ओहायो राज्यको क्लिभल्यान्ड र पेन्सलभेनिया राज्यको पिट्सबर्ग सहरमा छायांकन गरिएको हो । फिल्मलाई ह्याप्पी होम स्टुडियोजको लागि जोयश पाण्डेय, विमल सुवेदी र समुन्द्र राज घिमिरेले निर्माण गरेका हुन् ।

चलचित्रले नेपाली भाषी भुटानी तथा नेपाली आप्रवासीको कथा सशक्त रूपले समेटेको विमल सुवेदीको भनाइ छ । चलचित्रमा भुटान, नेपाल र अमेरिकामा जन्मेहुर्केका फरक फरक पुस्ताका सपना, आकांक्षा, पहिचानको संकट, संघर्ष, नेपाली भाषी भुटानीहरू माथि त्यतिबेलाको शासकले गरेको चरम अन्याय, अत्याचार, बर्बरता र चरम यातना समेटिएको सुवेदीले जानकारी गराए ।

चलचित्रलाई जिया कुइँकेल खतिवडा, करुण कुइँकेल, कौशिला खनाल कर्माचार्य, आकाश खतिवडा र मनोरथ खनालले कार्यकारी निर्माताको रूपमा र राकेश भट्टराई, रमेश लुइँटेल र पुण्य कुइँकेलले सह निर्माताको रूपमा निर्माणमा सघाएका छन् । ओहायो राज्यको एक्रोन, कोलम्बस, पेन्सिलभेनिया वरिपरिका नेपालीभाषी भुटानी समुदायको सहजीकरणमा तयार भएको फिल्मको निर्माणमा थिएटर भिलेज र गाउँ स्टुडियोको पनि सहकार्य रहेको छ । चलचित्रमा थोमस किथ स्कट, केदार उप्रेती, आर बी खड्का, अर्जुन रसाइली, मनोरथ खनाल आदिको अभिनय रहेको छ ।

फिल्ममा पेन्सलभेनियाको ह्यारिसबर्ग तथा ओहायोको कायाहोगा फल्स, एक्रोन, कोलम्बस, सनसाइन तेक्वान्दो तथा नृत्य एकेडेमी, इन्टा फाउन्डेसनका चार दर्जनभन्दा बढी कलाकारले अभिनय गरेका छन् ।

फिल्ममा नेपाल, भुटान, ताइवान, चीन, मेक्सिको मूलका फिल्मकर्मीले काम गरेका छन् । फिल्मलाई चिनइन गाउले खिचेका हुन् भने निशान घिमिरेले सम्पादन गरेका छन् । आयुषा सञ्जेल सहायक निर्देशक रहेको फिल्ममा दिकेश खड्गी शाहीको ध्वनि रेकर्ड तथा सम्पादन, देउकुमार राई नेतृत्व समूहको कला निर्देशन, शंकर बिसी र कौशिला खनाल कर्मचार्यको नृत्य निर्देशन रहेको छ । चलचित्रमा कौशिला खनाल कर्मचार्य, आर. बी. खड्का, डम्बर नेपाली, प्रतिमा श्रेष्ठको शब्द, तथा कालिप्रसाद बास्कोटा, मदन गोपाल, डम्बर नेपाली, अर्जुन रसाइलीको संगीत तथा गायन रहेको छ ।

# बक्स अफिसमा अझै हिट हुँदै 'छावा'

**नयाँदिल्ली (प्रस)–** बलिउड अभिनेता विक्की कौशलको फिल्म छावाले बक्स अफिसमा अझै शानदार कमाइ गरिरहेको छ । होलीमा रिलिज भएको जोन अब्राहमको द डिप्लोमेट कछुवाको चालमा हिँडिरहेको बेलामा एक महिनाअघि रिलिज भएको छावाको पकड बक्स अफिसमा अझै बलियो छ ।

लक्ष्मण उतेकरको निर्देशनमा बनेको यस फिल्मले कमाइको हिसाबले धेरै रेकर्ड बनाएको छ । अहिले पनि यसको कमाइको गति घटेको छैन । संभाजी महाराजको जीवनीमा आधारित यो फिल्म हेर्न ठुलो सङ्ख्यामा दर्शकहरू थिएटरहरूमा ओइरिरहेका छन् । यही कारणले गर्दा फिल्मले पाँचौं हप्तामा पनि राम्रो कमाइ गरिरहेको छ ।

छावाले सोमबार ३२ औं दिनमा २ करोड ६५ लाख भारु कमाएको थियो । मङ्गलवारको दिन पनि फिल्मका लागि राम्रै रह्यो । कमाइको कुरा गर्दा, मङ्गलवार ३३ औं दिनमा फिल्मले २ करोड ५० लाख भारु कमाएको छ । फिल्मको कुल कमाई अब ५६७ करोड ८० लाख भारु पुगेको छ ।

छावाको अगाडि डिप्लोम्याटले कुनै जादु देखाउन सकेको छैन । करिब २० करोडको बजेटमा बनेको जोन अब्राहमको यस फिल्मले सोमबार चौथो दिन डेढ करोड भारु कमायो । मङ्गलवार पाँचौं दिन यसको बक्स अफिस कलेक्सन १ करोड ४० लाख भारु थियो । पाँच दिनमा फिल्मको कूल कमाई १६ करोड २० लाख भारु बनेको छ ।


## भावपूर्ण श्रद्धाञ्जली



जन्म मिति:
२००७/०६/१३ गते

स्वर्गारोहण:
२०८१/११/२१ गते

**स्व. हिरादेवी अधिकारी**

नारायण न.पा.-१, दैलेखमा बस्ने ज्यो. ढाकाराम अधिकारीकी धर्म पत्नी, पुत्रहरु शिद्धार्थ अधिकारी, धिरेन्द्रराज अधिकारी, माधव अधिकारी यमराज अधिकारी, महेश अधिकारी, पुत्री ओमकुमारी अधिकारी, सुनिता अधिकारी, बिमला अधिकारी, निशा अधिकारीकी ममतामयि आमा **स्व. हिरा देवी अधिकारी**को असामयिक निधनको यस दु:खद् घडीमा समस्त अधिकारी परिवारप्रति हार्दिक सद्धासुमन व्यक्त गर्दछौं ।

**प्रभाव दैनिक परिवार**
सिफल, काठमाडौं


## रंगशाला

### तिलोत्तमा गोल्डकप

# सुरक्षा समितिको बैठक सम्पन्न



■ प्रभाव संवाददाता

**बुटवल–** तिलोत्तमा गोल्डकप फुटबल प्रतियोगिता अन्तर्गत सुरक्षा समितिको बैठक बुधबार सम्पन्न भएको छ । बुटवलस्थित एन्फा टेक्निकल सेन्टरमा आयोजक कमिटी अन्तर्गतको सुरक्षा समितिले तीन वटै सुरक्षा निकायका प्रतिनिधिसँग शनिबारबाट सुरु हुने प्रतियोगिताको सुरक्षा व्यवस्थापनलाई लिएर छलफल गरेको छ । छलफलमा ट्राफिक प्रहरीका डिएसपी मधुसुदन न्यौपाने, नेपाल पुलिसका डीएसपी इन्द्र राना र एपीएफका डीएसपी दुर्गाबहादुर थापा सहभागी थिए ।

आयोजक रूपन्देही जिल्ला फुटबल संघका अध्यक्ष लोक पुनले मोफसलको प्रतिष्ठित गोल्डकपको रूपमा रहेको तिलोत्तमा गोल्डकपलाई सफल बनाउन सुरक्षा र ट्राफिक व्यवस्थापनमा सहयोगका लागि तीन वटै निकायलाई आग्रह गरेका थिए । उनले २३ औं संस्करणसम्म आइपुग्दा सुरक्षा र ट्राफिक व्यवस्थापनका दृष्टिकोणले सफल रहेको उल्लेख गर्दै शनिबारबाट ८ दिनसम्म चल्ने कार्यक्रमलाई समन्वय गरी सहकार्य गर्नुपर्ने बताएका थिए ।

तीन वटै सुरक्षा निकायका प्रमुखले शान्ति सुरक्षा र ट्राफिक व्यवस्थापनमा सक्दो सहयोग रहने प्रतिबद्धता जनाएका थिए । प्रतियोगितालाई सफल बनाउन आयोजक टिमसँग मिलेर काम गरिने तीन वटै सुरक्षा निकायको धारणा थियो । कार्यक्रममा एन्फाका केन्द्रिय उपाध्यक्ष दीर्घबहादुर केसी (कुमार), महासचिव हिमाल गौचन, सुरक्षा कमिटीका प्रमुख प्रेम राना लगायतको उपस्थिती रहेको थियो ।

मोफसलको सबैभन्दा पुरानो र प्रतिष्ठित फुटबल प्रतियोगिताको २३ औं संस्करण आगामी शनिबारबाट बुटवलमा सुरु हुदैछ । प्रतियोगितामा दुई विदेशी सहित लिग च्याम्पियन चर्च ब्वाईज, मछिन्द्र सहित शीर्ष डिभिजनको उत्कृष्ट ६ क्लबले समेत सहभागीता जनाउँदैछन् । रूपन्देही जिल्ला फुटबल संघको आयोजनामा सञ्चालन हुने प्रतियोगिताको बुटवल उपमहानगरपालिका संरक्षक संस्था रहेको छ । यशोधा फुड्सको करेन्ट मुख्य प्रायोजक रहेको प्रतियोगितालाई खेलपाटी र डिसहोम नेटवर्कले प्रत्यक्ष प्रशारण गर्दैछन् ।

# विप्लभलालले लिए सन्न्यास

**काठमाडौं प्रस–** १३औं दक्षिण एसियाली खेलकुद (साग) का स्वर्णपदक विजेता विप्लभलाल श्रेष्ठले सन्न्यास लिएका छन् । नेपाल कराते महासंघ त्यसमा पनि अध्यक्ष युवराज लामाको व्यवहारप्रति असन्तुष्टि जनाउँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय करातेबाट बुधबार सन्न्यास लिएका हुन् ।

उनी अर्को साता अस्ट्रेलिया पलायन हुने भएका छन् । 'मलाई कराते छाड्न मनै नै थिएन। एकदमै मन नभएर यो छाड्न चाहँदैछु,' उनले भने । उनी अस्ट्रेलियामै बस्दै आएका थिए । तर, १०औं राष्ट्रिय खेलकुद प्रतियोगिता खेल्न नेपाल फर्किएको उनको भनाइ छ । यद्यपि, अध्यक्ष लामाको व्यवहारप्रति चित्त नबुझेर सन्न्यास लिएको बताए ।

'मेरो आफ्नै करियर राम्रै भइरहेको थियो । त्यसैले मेरो करिअरलाई अझै लामो लैजान्छु भन्ने थियो । तर, महासंघले मप्रति व्यवहार राम्रो गरेन । मसँग हारेको खेलाडीलाई मिसन २०२६ मा राखियो । तर, मलाई राखिएन । यो लगायत धेरै कुरामा चित्त दुखाइ भएको कारण कराते छाड्न लागेको हुँ,' उनले भने ।


## मोटरसाईकल हरायो

मिति २०८१/११/१६ गते कागेश्वरी मनोहरा न.पा. वडा नं. ८, हत्यामोचन टोलबाट **KTM DUKE GEN 3**। को कालो निलो रंगको मोटरसाईकल राति ८:०० बजेको समयमा हराएको हुनाले पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न सम्पर्क नम्बरमा खबर गरिदिनुहोला ।

**सवारीधनी: अस्मिता तामाङ**
**मोटरसाईकल नं.** बा.प्र.०२-०५१ प ४१५३
